# नेपाली

(त्रैमासिक)

२०६७ साउन, भदौ र असोज पूर्णाङ्क २०४

## गुठीको समाचार

### २०६६ का पुरस्कार

२०६७/६/६/४ गुठीको साधारणसभा दिउँसो ३ बजे गुठीका अध्यक्षज्यूको निवासमा बस्यो । त्यसले २०६६ का पुरस्कारहरू (१) जगदम्बा-श्री तथा (२) मदन पुरस्कारको घोषणा गऱ्यो । घोषणाअनुसार –

(१) संवत् २०६६ सालको पुरस्कार जगदम्बा-श्री जनकपुरका डा. राजेन्द्र विमललाई–
"गत चार दशकदेखि मिथिला क्षेत्रमा मैथिली भाषी विद्यार्थीलाई नेपाली भाषामा शिक्षित गराई विद्वान् बनाउने पुनीत कार्यका साथै नेपाली भाषा वाङ्मयलाई समृद्ध तुल्याउने कामसमेत गरिरहेबापत" प्रदान गरिने भएको छ । त्यस्तै

(२) मदन पुरस्कार बैतडी, भीमदत्त नगरका श्री नरबहादुर साउँदलाई उहाँको ग्रन्थ "नेपालका बालीनाली र तिनको दिगो खेती" लाई प्रदान गरिने छ ।

– कार्यालय सचिव
म.पु. गुठी

(बाँकी पृष्ठ ३ मा)

## मदन पुरस्कार पुस्तकालयको पाना

### मपुपुको एउटा पर्चा (एफेमेरा)

२०५१/५२ को मिति परेको एउटा पर्चा छ। (मपुपुको भाषामा एफेमेरा या क्षणपत्र) । तर ४ पेजी बनाइएको छ त्यो। त्यसमा ३ जनाको नाम छ अनि दुईओटा फोटो र ५ ओटा छोटाछोटा कविताहरू- पुष्पाञ्जली, मधुवन, मथुरा नगरी र गोविन्द छोडी कसको शरण जाऊँ भन्ने कविता ज्योतिप्रसादका रहेछन्। तर अघिल्लो पृष्ठमा छापिएको 'गुरु वन्दना' कसको हो यसै भन्न सकिएन। त्यस पृष्ठमा दुई फोटो र दुई नाम छन्। फोटोहरू कविप्रसाद गौतम र जनार्दन आचार्यका हुन्। नाम पनि दुइटा छापिएका छन् 'प्रकाशमणि आ.दी. अमेरिका' र 'प्रचारक जनार्दन आचार्य' भन्ने। त्यसबाट के बुझिन्छ भने त्यो छापी प्रकाश गर्ने जनार्दन आचार्य (कुञ्जका 'हनुमान्') हुन् र सोही हिसाबले त्यहाँ कविप्रसादको फोटोलाई गुरु भनी वन्दना गर्ने प्रकाशमणि हुन्। प्रकाशमणिले केही लेखेर छापेको अन्त कतै देखिएको छैन। त्यसै हुँदा त्यो गुरु वन्दना उनले लेखेका हुन् भन्न सङ्कोच हुन्छ तर तीन पुस्तादेखि नेपाली कविता लेखिरहेका वंशमा जन्मेका प्रकाशमणिले यति लेख्न सक्तैनन् भन्नु अन्यायपूर्ण हुने छ। काशीनाथ आ.दी.का पनाति, राममणि आ.दी.का नाति र केदारमणि/विद्यादेवी दीक्षितका जेठा छोरा प्रकाशमणिको (हुन सक्ने) यो एक मात्र रचना कृति त्यही रूपमा हामी रसास्वादन गरौँ–

"गुरु-वन्दना

*अज्ञान नाशीकन जो हृदको समस्त पारौँ प्रकाश सुख दिन्छ महान तथ्य।*
*त्यस्तो गुरु परम ब्रह्म स्वरूप जानी गर्छु प्रणाम पदमा अति भै अमानी॥*
*देखेर जीवहरूको दुःख कष्ट उग्र मन्दाकिनी सदृश अश्रु गिराइ सर्र।*
*जो हुन्छ छट्पट सदा हरि नाम बोल्छ त्यस्तो पवित्र पदमा म नुहुन्छु नित्य॥*
*श्रीकृष्णको शुभ प्रकाश परेर दिव्य जस्को मुहार अति झल्झल हुन्छ प्रष्ट।*
*पग्लेर दीनहरूको दुःख देखि रुन्छ त्यस्तो पवित्र पदमा मन यो नुहुन्छ॥*
*छ नाम श्री कविप्रसाद पवित्र पाद गर्छु प्रणाम पद पंकजमा म आज।*
*देखाइदेउ अब आफ्नो स्वरूप गाथ संसार सिन्धु पर देउ पुऱ्याई नाथ॥*

(बाँकी पृष्ठ ४५ मा)

(पृष्ठ १ को बाँकी)

## पुरस्कार अर्पण समारोह

२०६७।६।२३।७ ललितपुर। आज अपराह्न ३ बजेदेखि साँझ ५ बजेसम्म श्रीदरबारटोल, पाटनढोकाको रातो बङ्ला स्कूल भवनको तीन तलामाथिको 'अडिटोरियम' (कमलमणि थिएटर) मा २०६६ सालको मदन पुरस्कार तथा जगदम्बा-श्री अर्पण गर्ने समारोह सम्पन्न भयो।

३ बजेर १० मिनेट जाँदा सभाका (एमसी) हर्ताकर्ता-द्वय सुधा ओझा तथा ज्ञाननिष्ठ ज्ञवालीले सभारम्भ भएको घोषणा गर्नुभयो। त्यसबेला व्यासमा गुठीका अध्यक्ष कमलमणि दीक्षित, सदस्य-सचिव कुन्द दीक्षित तथा विशेष अतिथि श्री विहारीकृष्ण श्रेष्ठ आसीन भैसक्नुभएको थियो। अनि पछाडिपट्टि (स्क्रिन) पर्दामा प्रदर्शित गुठीको लोगो तथा स्वर्गीय जनरल मदन तथा रानी जगदम्बाको चित्रको मन्तिर पानसमा बत्ती बलेको थियो।

श्री सुधा ओझाले सर्वप्रथम गुठीका अध्यक्षलाई स्वागत भाषणका लागि आह्वान गर्नुभयो र अध्यक्ष श्री कमलमणि आफ्नो आसनबाट उठी 'माइक' सामु आउनुभयो। उहाँले आफ्नो साबिकको शैलीमा सर्वप्रथम वेदको ऋचा पाठ गरी आफ्नो मुद्रित भाषण वाचन गर्नुभयो। उहाँले भन्नुभयो–

**"ॐ असतोमा सद्गमयः तमसोमा ज्योतिर्गमयः**
**मृत्योर्मा अमृतम् गमयः ॐ शान्तिः शान्तिः शान्तिः**

**आदरणीय सम्मानित ब्यौला-द्वय, डा. राजेन्द्र विमल तथा नरबहादुर साउदज्यू, पूर्वब्यौला बिहारीकृष्णज्यू र मित्रहरू,**

तपाईंहरू सबैलाई म यस रङ्गस्थलमा हार्दिक स्वागत गर्दछु। सम्माननीया रानी जगदम्बा तथा जनरल मदनले जुराएको यो अवसरमा म सर्वप्रथम ती दुई अमर आत्मालाई स्मरण गर्दछु र तपाईंहरूसँग समेत उहाँहरूलाई सम्झने आग्रह गर्दछु।

डा. राजेन्द्र विमलज्यू, म तपाईंलाई स्वागत गर्नुभन्दा पहिले धन्यवाद भन्छु किनभने तपाईंले हामीलाई मिथिला क्षेत्रको अभिनन्दन गर्ने अवसर दिलाउनुभयो। तपाईंले कतै पत्रिकामा 'हमर असफल जीवन' भन्नुभएको रहेछ। हामीले गुठीमा तपाईंबारे जेजति सुन्यौं

त्यसबाट हामीलाई लाग्यो तपाईंको जीवन असफल होइन, अत्यन्त सार्थक, सफल तथा वन्दनीय छ अरू तपाईंले त हामीलाई पनि बढी सफल तुल्याउनुभएको छ । किनभने हामीले यी २१ वर्षसम्म पनि शिक्षण पेसाका कुनै विद्वान्‌लाई सम्मानित गर्न सकेका थिएनौं। दशकौंदेखि नेपाली भाषाको सेवा गरिरहेका तपाईंलाई यसरी अभ्यर्थना गर्न पाएर हामी कृतकार्य भएका छौं । मदन पुरस्कार गुठी नेपाली भाषा-सेवीहरूको सम्मान गर्न संस्थापित संस्था हो । तथापि हामी नेपालका अरू भाषामा पनि उत्तिकै श्रद्धा राख्दछौं । नेपाली भाषाको सेवा गर्ने मैथिली भाषी तपाईंलाईझैं मगर भाषामा काव्य लेख्ने नेपाली भाषी बालकृष्ण पोखरेललाई हामी उस्तै सम्मान गर्छौं। किनभने भाषा भनेका भारती हुन् भवानी हुन् ।

नरबहादुर साउदज्यू, तपाईंको ह्विलचेयरमा बसेको फोटो असोज ७ गते एउटा दैनिक पत्रिकामा देख्दा म रुस्कें। गुठीमा हामी कसैलाई पनि थाहा थिएन तपाईंको दुर्घटनाको कुरा। तपाईंले ओछ्यानमै बसेर त्यो बृहद्‌ग्रन्थ लेख्नुभएको हो भन्ने बुझ्दा हामीहरू तपाईंप्रति अरू श्रद्धावनत भएका छौं। गुठी तपाईंसँग कृतज्ञ पनि छ, किनभने २०१५ सालमा गङ्गाविक्रम सिजापतिको 'उद्यान'लाई पुरस्कारले सम्मान गरेपछि यति वर्षसम्म फेरि हामीले कृषि विषयक अर्को पुस्तकलाई पुरस्कृत गर्न पाएका थिएनौं, सो तपाईंले गर्दा ऐले ५१ वर्षपछि सो अवसर पायौं । तपाईंको ज्ञान र श्रमले गुठीको समेत सम्मान बढेको छ । तपाईंलाई स्वागत र बधाई निवेदन गर्दछु ।

बिहारीकृष्णज्यू, ३८ वर्षअघि तपाईंलाई सम्मान गर्दा गुठीको तपाईंसँग सम्बन्ध जोरिएको हो । र मदन पुरस्कारको त्यो नाङ्लो अझै तपाईंको घरमा सजाएर राखिएको छ भन्ने बुझ्दा हामीलाई गौरवबोध हुन्छ । आज विद्वद्‌प्रवचन दिन यहाँ पाल्नुहुँदा हामीहरूको सम्बन्ध अरू गाढा भएको अनुभव भैरहेको छ। तपाईंलाई म हार्दिक स्वागत गर्छु ।

विद्वान् साहित्यिक साथीहरू, तपाईंहरूको उपस्थितिमा म यहाँ नेपाली साहित्य-समुदायकै लघुरूप देखिरहेको छु। दसैंका बेलामा आफ्नो व्यस्त कामकुरा छाडी तपाईंहरू यहाँ आइदिनुभएर हामीलाई अनुगृहीत गर्नुभएको छ । म तपाईंहरू सबैलाई कृतज्ञतापूर्वक स्वागत गर्दछु ।

सधैँझैँ यस वर्ष पनि मेरो दुई किताप समारोहको अन्त्यमा तल उपहार दिइने छ। यी किताप यसरी निःशुल्क वितरण गर्न हामीलाई तिनको प्रकाशक गीता समुदय प्रकाशनले सहयोग गरेको हो। म उहाँहरूलाई धन्यवाद भन्छु।

हाम्रो पुरस्कार-अर्पण कार्यक्रममा सम्मानित 'ब्यौला'हरूलाई ओल्क्याउने परम्परा छ। यो हाम्रो संस्थाको आफ्नै प्रकारको एउटा प्रथा हो। पूर्वी नेपालको स्वागतको मौलिक संस्कृति पनि हो यो। हेर्दा ज्याउलो जस्तो लाग्छ। भए पनि यो पुनीत कार्य गरिदिने चार जना विद्वान् 'नेता'हरूलाई म ससम्मान स्वागत गर्छु।

सबैको जय होस् !" भनेर अध्यक्षज्यूले आफ्नो भाषण टुङ्ग्याएपछि उहाँलाई जगदम्बा-श्रीद्वारा सम्मानित हुने विद्वान् डा. राजेन्द्र विमलको अभ्यर्चना गर्न आह्वान गरियो। त्यस्तै डा. राजेन्द्रलाई ओल्क्याई ल्याउन विद्वज्जन-द्वय श्री माधवलाल कर्माचार्य र डा. विष्णुराज आत्रेयलाई निमन्त्रण गरियो। त्यसरी दुई जनाले स्वागत गरी ल्याइएका डा. राजेन्द्रलाई अध्यक्षज्यूले कपूरको बत्तीले अभ्यर्चना गरी पुरस्कारको प्रमाणपत्र समर्पण गर्नुभयो। अनि पुरस्कारको राशि चढाइयो दिनेका हात तल, लिनेको हात माथि गरी। त्यसपछि मदन पुरस्कार विजयी पुस्तकको स्रष्टा ह्विल चेयरमा बसेका श्री नरबहादुर साउदलाई ओल्क्याई ल्याउन दुई जना विद्वान् डा. गोविन्द टण्डन र प्रा. शिवगोपाललाई आह्वान गरियो। श्री साउँदलाई पनि गुठीका अध्यक्षज्यू श्री कमलमणि दीक्षितले उस्तै प्रकारले अभ्यर्चना गरी पुरस्कारको प्रमाणपत्र र पुरस्कार राशि टक्र्याउनुभयो। दुवै जना सम्मानित "ब्यौला" ड्यासमा विराजमान भएपछि उहाँहरूलाई श्रीमती मिलन दीक्षित तथा शान्ता दीक्षितले माल्यार्पण गर्नुभयो। यति भैसकेपछि श्री ज्ञाननिष्ठले विशेष अतिथि आजका प्रवक्ता श्री विहारीकृष्णलाई विद्वत् प्रवचन गर्न अनुरोध गर्नुभयो अनि उहाँले प्रवचन दिनुभयो यसप्रकार–

**"म सबभन्दा पहिले अति सम्मानित मदन पुरस्कारबाट सुशोभित हुनुभएकोमा श्री नरबहादुर साउदजीलाई र श्री जगदम्बा-श्री पुरस्कारबाट सम्मानित हुनुभएकोमा डा. राजेन्द्र विमललाई हार्दिक बधाई ज्ञापन गर्दछु। त्यसै गरी यस विशिष्ट भेलालाई सम्बोधन गर्ने मौका दिनुभएकोमा मदन पुरस्कार गुठी, विषेश गरी यसका**

**अध्यक्ष कमलमणिज्यू तथा सदस्य–सचिव कुन्द दीक्षितज्यूमा हार्दिक आभार व्यक्त गर्दछु ।**

यो सम्मानित मदन पुरस्कार गुठीजस्ता संस्थाहरूले नेपालको वाङ्मयको गतिशील विकासमा ठूलो योगदान गरेको भए तापनि समग्र रूपले हेर्दा नेपालको, विशेष गरेर यसको ग्रामीण क्षेत्रको अवस्था मिश्रित किसिमको रहेको छ । मुख्य कुरा त, नेपाल विश्वकै एउटा गरिबतम् मुलुकमध्ये नै रहिआएको हो । विश्वमै सबभन्दा उच्च, यसको कुल जनशक्तिको ७० प्रतिशतभन्दा बढी कृषिमा नै आधारित रहिरहेको छ भने मुलुकको कुल गार्हस्थ्य उत्पादनमा यसको योगदान त्यसको आधाआधि मात्र रहेको छ । कृषि क्षेत्रको उत्पादकत्व कम तथा निश्चल रहँदै आएको छ भने, जनसङ्ख्याको बढ्दोक्रमबाट प्रतिव्यक्ति उपलब्ध जमिन कम हुँदै आएकोले स्थिति दिनानुदिन भयावह भएको छ । हाम्रो ग्रामीण अर्थरोजगारीको दर संसारकै उच्चमध्ये अर्थात् ४७ प्रतिशतमा रहेको छ । तर यो बेरोजगार रहेको श्रमलाई गैरकृषि, सहरिया औद्योगिक व्यवसायतिर आकर्षित गर्न सकिएको छैन । एकातिर गैरकृषि क्षेत्र साबिकदेखि नै अति सानो रहिआएको छ भने अर्कोतिर ग्रामीण श्रमिकसँग सो क्षेत्रलाई आवश्यक पर्ने दक्षताको सर्वथा अभाव छ । त्यसैले गर्दा नेपालको जनबल विदेसिएर 'फोहरी, गाह्रो र डरलाग्दो' काम गर्न विश्वभरि छरिएका छन् । अर्थशास्त्रका सिद्धान्तअनुसार यस्तो युवाशक्तिको प्रबलतालाई "जनसङ्ख्यात्मक लाभ" (डेमोग्राफिक डिभिडेन्ड) को रूपमा हेरिन्छ र मुलुकको तीव्रतर विकासका निम्ति एउटा महत्त्वपूर्ण कारकतत्त्वका रूपमा लिइन्छ। तर नेपालले भने यही तत्त्वलाई गुमाएर बस्नुपरेको छ । हामीलाई केही ज्याला दिएर अरूहरूले नै त्यसबाट अधिकतम फाइदा लिइरहेका छन् ।

**केही महत्त्वपूर्ण उपलब्धिहरू**

हाम्रो समग्र अवस्था यस्तो खराब भए तापनि, राम्रा कुराको खडेरी नै भने छैन। जहाँ जनता स्वयंलाई आफ्नो विकास आफै गर्ने अवसर दिइएको छ, त्यहाँ तिनीहरूले संसारले नै मानेका चमत्कारी उपलब्धिहरू हासिल गरेका छन् । यसको पहिलो उदाहरण हो, हाम्रो सामुदायिक वन । मुलुकले राणाकालका ठूला जग्गाधनीको स्वामित्वमा रहेको

अधिकांश जङ्गल तिनीहरूको नियन्त्रणबाट मुक्ति दिलाउन २०१४ सालमा वनको राष्ट्रियकरण गरेको थियो । तर तत्पश्चात स्थानीय ठालूहरू र वनका कर्मचारीहरूको मिलेमतोमा हाम्रो जङ्गल तीव्र रूपले सखाप हुँदै गयो र २०३० को दशकको अन्त्यतिर आइपुग्दा नेपालमा मरुभूमीकरणको भयावह स्थिति देखा परेको थियो। तर केही वर्षअगाडिको त्यो स्थितिको तुलनामा आज नेपालको वन संसारकै राम्रो मध्येकै भएको छ। हाल आएर केही लोभीपापी राजनीतिक व्यक्तिहरू, भ्रष्ट कर्मचारीहरू र तिनीहरूकै मतियार स्थानीय अगुवाहरू मिलेर हाम्रो वन सम्पदामा, विशेष गरेर तराईमा, हानी नोक्सानी पुऱ्याए पनि समग्रमा नेपालको वन राम्रो र पहिलेभन्दा उत्पादक रहिआएको छ। नेपालको यो उपलब्धि संसारमै विशिष्ट मानिआएको छ।

वनमा यो नाटकीय परिवर्तन ल्याउनमा २०३९ सालको विकेन्द्रीकरण ऐनमा भएको उपभोक्ता समूहको व्यवस्थाले ठूलो भूमिका खेलेको छ । सोही व्यवस्थाका आधारमा वन उपभोक्ता समूहको परिकल्पना गरी २०४४ सालमा वनसम्बन्धी कानुनी व्यवस्थामा सुधार गरी स्थानीय वनहरू सम्बन्धित वन उपभोक्ता समूहलाई हस्तान्तरण गरिएपछि तीव्र रूपले हाम्रा वनहरूको पुनरुत्थान हुन थालेको हो। यहाँ म यो उल्लेख गर्नु सान्दर्भिक ठान्दछु कि उपभोक्ता समूहहरूको परिकल्पना नेपालको जुम्लाको हाडसिँजा भन्ने गाउँको "जचौरी कुलो" को व्यवस्थापन विधिबाट प्रेरित भएको हो। संवत् २०२६/२७ सालमा तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका सदस्य श्रद्धेय श्री सत्यमोहन जोशीको नेतृत्वमा एउटा बहुआयामिक अध्ययन परियोजना सञ्चालन भएको थियो। सोअन्तर्गत मैले गरेको मानवशास्त्रीय सो धकार्यको सिलसिलामा उक्त कुलो भेटिएको थियो। सो कुलो म त्यही गाउँमै बस्दा कम्तीमा पनि २०० वर्ष पुरानो भएको अनुमान लगाएको थिएँ। पछि गएर डा. हर्क गुरुङले सो कुलो कम्तीमा ६०० वर्ष पुरानो हुनुपर्ने अनुमान गर्नुभएको थियो। उक्त कुलोबारे २०२८ सालको मदन पुरस्कारसमेत प्राप्त गरेका पाँच खण्डमा रहेका पुस्तकहरूमध्येको तेस्रो, 'दियार गाउँका ठकुरीहरू' नामक पुस्तकमा व्याख्या गरिएको छ।

व्यवस्थापनको सिद्धान्तबमोजिम उपभोक्ता समूहको विशेषता

यो छ कि यसको निर्णय प्रक्रियामा समूहका सबै सदस्यहरूले भाग लिन पाउँछन्, जसले गर्दा समूहको व्यवस्थापन पारदर्शी हुन्छ र यसको नेतृत्व समूहप्रति निरन्तर रूपले जवाफदेहीयुक्त हुन्छ। त्यसैले जहाँ उपभोक्ता समूह ठीकसँग गठन गरिएको हुन्छ त्यहाँ साधनको दुरूपयोग हुन पाउँदैन र विकासकार्य निर्वाध रूपले अगाडि बढ्छ। हाम्रो वनहरूको तीव्रतर विकासको मूल आधार नै यही हो। आज मुलुकमा सबैजसो समुदायमा धनी-गरिब, महिला-पुरुष, ठूलो जात, सानो जातको कुनै भेदभावबिना सबैले आफ्ना आवश्यकताअनुसार दाउरा, घाँसपात र काठ प्राप्त गर्नुको साथै, यी वन उपभोक्ता समूहहरूले स्थानीय विकास तथा गरिबी मोचनको लागि बढ्दो मात्रामा धनराशि पनि परिचालन र प्रयोग गरिआएको छ।

तर अघि भनेझैँ नेपालमा वनमा मात्र प्रगति भएको छैन। संसारमा आज नेपाल संयुक्त राष्ट्र सङ्घको सहस्राब्दीको लक्ष्यअनुसार बाल बचाउ र मातृ मृत्युदर घटाउने क्षेत्रमा पनि अग्रपङ्क्तिमा रहेको छ। यी दुवै क्षेत्रमा नेपालले अन्तर्राष्ट्रिय पुरस्कारहरूसमेत प्राप्त गरी ठूलो प्रतिष्ठा कमाएको छ। उदाहरणको रूपमा, हालै अमेरिकी उपविदेश मन्त्री रबर्ट ब्लेक जुनियरले अमेरिकाको एउटा संस्थालाई सम्बोधन गर्दा यस क्षेत्रमा नेपालले गरेको उपलब्धिबारे उल्लेख गरेका छन्। उहाँका अनुसार नेपालमा सन् १९९६ मा एक लाख जीवित बच्चा पाउने आमाहरूमा मृत्युदर ५३८ थियो भने सो मृत्युदर २००६ सम्ममा आइपुग्दा २८१ मा झरेको र यस्तै बालबचाउमा पनि प्रत्येक १००० जीवित जन्मेका बालबच्चामा हुने मृत्युदर ११८ बाट ६१ मा झरेको छ। बालबचाउको क्षेत्रमा नेपालले सन् २०१५ भन्दा पहिले नै उक्त सहस्राब्दि लक्ष्य प्राप्त गर्न सक्ने अनुमान पनि गरिएको छ।

स्वास्थ्यसम्बन्धी यी दुई उपलब्धिहरू पनि २०४५ सालमा स्वास्थ्य मन्त्रालयले सञ्चालन गरेको आमा समूह र महिला स्वास्थ स्वयंसेविका कार्यक्रमको देन हो। नेपालमा आज ४८००० भन्दा बढी स्वयं सेविकाहरू र सोभन्दा बढी सङ्ख्यामा आमा समूहहरू कार्यरत छन् । आमा समूहहरूले आफूमध्येबाट चयन गर्ने ती स्वयंसेविकाका ती समूहप्रति नै जिम्मेदार हुन्छन्। यी आमा समूह र स्वास्थ्य स्वयंसेविकाका उपलब्धि पनि सुशासनसम्बन्धी माथि उल्लिखित

तत्त्वहरूका कारण नै सम्भव भएको हो। यसैगरी मुलुकभरिका गाउँहरूमा आफ्ना मन मिलेका व्यक्तिहरू मिलेर बचत तथा ऋण समूहहरू सञ्चालन भएका छन्। ती संस्थाले आफ्ना सदस्यहरूलाई आयआर्जनको निम्ति आ-आफ्नो हैसियतअनुसार सघाउ पुऱ्याएका छन्। त्यसमा पनि, अरु विस्तृत रूपले विकसित भएका साना किसान सहकारी संस्थाजस्ता सङ्गठनहरू जसलाई कृषि विकास बैङ्कका थोक ऋण सुविधा पनि उपलब्ध छ, ले त्यसका सदस्यहरूको आर्थिक र सामाजिक विकासमा उल्लेखनीय रूपले नै योगदान पुऱ्याइआएको छ।

**अनुभवका पाठ**

उपर्युक्त विभिन्न कार्यक्रमहरूले नेपालको विकासबारे केही महत्त्वपूर्ण निष्कर्षहरू प्रस्तुत गर्दछ। प्रथमतः यसले के पुष्टि गर्दछ भने हाम्रा ग्रामीण जनता अवसर पाएको खण्डमा आफै विकास गर्न सक्षम छन्। उनीहरूको शिक्षाको कमीले कुनै बाधा पुऱ्याउँदैन। दोस्रो, त्यति नै महत्त्वपूर्ण निष्कर्ष हो, हाम्रो ग्रामीण अर्थव्यवस्था अहिलेजत्तिकै गरिबीको मारमा परेको भए पनि यसले बढी उत्पादन दिन सक्ने क्षमता राख्दछ। अर्थात् स्थानीय जनतामा गरिबी निवारण निम्ति स्थानीय आर्थिक व्यवस्थाबाट नै थप साधन उत्पादन र परिचालन गर्न सकिन्छ। तेस्रो कुरा, विकाससम्बन्धी वाह्य साधन स्थानीय साङ्गठनिक क्षमताका माध्यमबाट परिचालन गरिएमा मात्र आमा र बाल मृत्युदरमा भएको कामजस्तै स्थानीय विकासमा नाटकीय प्रभाव हासिल गर्न सकिन्छ।

**सिक्नै नमान्ने बानी**

तर मुलुकमा यस्ता महत्त्वपूर्ण उपलब्धि हुँदाहुँदै पनि यीबाट निश्रृत हुने सिकलाइहरू विकासका अरू क्षेत्रमा पुगेका छैनन्। शिक्षा, स्वास्थ्य, कृषि, सिँचाइ, खानेपानी र सफाइ आदि क्षेत्रहरूमा मुलुक निरन्तर रूपले पछौटेपनको सिकार भैरहेको छ। अरु यसमा विशेष चिन्ताको विषय के हो भने, जुनजुन संस्थागत व्यवस्थाका आधारमा वन, मातृमृत्युदर र बाल बचाउका क्षेत्रमा प्रगति भएका छन् यी सबै २०४६ सालभन्दा पहिले पञ्चायत व्यवस्थाका समयमा भएका हुन्। त्यसपछि जननिर्वाचित नेताहरूले सञ्चालन गरेको लोकतान्त्रिक व्यवस्थाअन्तर्गत बितेका २०

वर्षको अवधिमा यसप्रकारको आविष्कारक प्रयासमा पूर्णतया खडेरी लागिआएको हो। वनकै क्षेत्रमा पनि दोस्रो पुस्ताका विभिन्न समस्याहरूले दु:ख दिइरहेका छन् भने स्वास्थ्यको क्षेत्रमा नेपालमा बाल कुपोषणको दर झन्डै ५० प्रतिशत छ जुन संसारकै उच्चतम मध्ये पर्दछ।

हालसालै युएनडिपी र अक्सफोर्ड विश्वविद्यालयले तय गरेको मापदण्डअनुसार नेपालमा गरिबी ६५ प्रतिशत रहेको छ। नेपालको आफ्नै अर्बौं रुपियाँको साधन र खर्बौंको विदेशी साहयता परिचालन हुँदाहुँदै पनि नेपाली जनताको अवस्था दयनीय नै रहँदै आएको छ।

**नेपालको लोकतन्त्रको विडम्बना**

माथि उल्लिखित समस्याको जड वास्तवमा हाम्रो विडम्बनापूर्ण लोकतन्त्रमा नै गाडिएको छ। हाम्रा राजनीतिक व्यक्तिहरू जुनसुकै पार्टी वा विचारधाराका भए पनि तिनीहरू एउटा समान समस्याबाट ग्रसित छन्। आम मतदाता एकतिर गरिब वा अति गरिब छन् भने तिनीहरूको शिक्षाको स्तर पनि त्यत्तिकै कम छ। त्यसैले तिनीहरू विभिन्न पार्टीका राजनीतिक धारणाजस्तै प्रजातान्त्रिक समाजवाद वा द्वन्द्वात्मक भौतिकवादलाई राम्रो मनन गरी मतदान गर्न सक्दैनन्। यसले गर्दा चुनावको समयमा बढी पैसाकै चलखेल हुन्छ। फलस्वरूप, प्रत्येक राजनीतिक व्यक्तिले सुकर्मबाट या कुकर्मबाट पैसा नकमाई सुखै छैन। तर सुकर्मबाट आफूले खोजेको जस्तो पैसा नपाइने हुनाले सामान्यतया हाम्रा प्रत्येक राजनैतिक व्यक्तिहरू विवसतावस घुस्याहा तथा भ्रष्ट नै हुने गर्दछन्। यो वास्तविकताबाट निश्रृत हुने निष्कर्ष के हो भने जबसम्म हामीले हाम्रो लोकतन्त्रको प्रक्रियालाई हाम्रो सामाजिक आर्थिक वास्तविकताअनुसार परिमार्जन गर्दैनौं तबसम्म अहिलेको जस्तो लोकतान्त्रिक व्यवस्थाबाट मुलुकको गरिब जनता उँभो लाग्नै सक्दैन।

तर मुलुकलाई कसरी अघि डोऱ्याउन सकिन्छ भन्ने विषयमा हामीसित नै यथेष्ट अनुभव छ। त्यो हो दाबेदारहरूको सशक्तीकरण। माथि उल्लिखित उदाहरणहरूमा, वनको सम्बन्धमा, वनकै दाबेदारहरूको सशक्तीकरण भएको हो भने मातृ र बाल बचाउको सम्बन्धमा ती आमाहरूकै सशक्तीकरण भएको हो। त्यसैले कृषि,

स्वास्थ्य, शिक्षा इत्यादि हरेक क्षेत्रमा दाबेदारहरूकै सशक्तीकरण गर्नु नै एक मात्र उपाय हो।

यो परिवर्तन वास्तवमा सहज हुनुपर्दथ्यो। तर हाम्रा राजनैतिक नेताहरू हाम्रो तहवद्ध समाजको माथिल्लो तह अर्थात् ठालुहरूमध्येबाटै आएका हुन्छन्। त्यसैले तिनीहरूलाई आफ्नो राजनैतिक पकड बलियो बनाइराख्नेतिर मात्र चिन्ता रहेको छ।

यसैगरी नेपालमा सुशासनको विकास गर्न थुप्रै दातृ निकायहरू दशकौँदेखि कार्यरत छन्। तर तिनीहरूमा एकातिर नेपालको विकास अनुभवको व्यापकता र गहिराइबारे राम्रो ज्ञान हुँदैन भने अर्कोतिर कार्यक्रमको प्रभावकारिताबारे जिम्मेदार हुनुपर्ने बाध्यता पनि छैन।

अन्त्यमा वर्तमान नेपालको विडम्बना के हो भने नेपालको विकासको निम्ति दाबेदारको सशक्तीकरणमा आधारित विकेन्द्रीकरण एउटा निर्विकल्प आवश्यकताको रूपमा देखापरेको छ। तर यसको निम्ति हाम्रो राजनैतिक नेताहरू, सरकारी कर्मचारीहरू वा दातृ निकायहरू, यी कसैमा पनि भर गर्न सकिने स्थिति छैन।

तर इतिहासमा समयसमयमा राजनेताहरू जन्मिने गरेका छन्। जस्तो कि राजा वीरेन्द्र नभएको भए त्यतिबेला नेपालमा उपभोक्ता समूहमा आधारित विकेन्द्रकरण हुने नै थिएन। त्यसकारण नेपालको इतिहासको वर्तमान घडीमा पनि एउटा राजनेताकै प्रतीक्षा छ। यस दिशातिर विद्वत् समाजबाट आवाज उठिरहनु नितान्त आवश्यक छ।

धन्यवाद !”

यसप्रकार धन्यवाद भनेर विहारीकृष्णजीले बिदा लिएपछि २०६६ सालको पुरस्कार जगदम्बा-श्रीद्वारा सम्मानित विद्वान् डा. राजेन्द्र विमललाई आफ्नो उद्‌गार पोख्न आग्रह गरियो। अनि उहाँले भन्नुभयो–

**“यस गरिमान्वित समारोहका अध्यक्षज्यू, विविध क्षेत्रका शिखर व्यक्तित्वहरू तथा नेपाली हुनुका नाताले पर्ने बा, आमा, दाजुभाइ तथा दिदीबैनीहरू !**

सम्भवत: आइन्सटाइनले भनेका छन्– केही व्यक्ति उपयोगी (युसफुल) हुन्छन् र केही सफल (सक्सेसफुल)। उपयोगी व्यक्ति त्यो हो रे, जसले समाज वा राष्ट्रलाई धेर दिन्छ र थोर

लिन्छ । अनि सफल व्यक्ति त्यो हो रे जसले समाज वा राष्ट्रलाई थोर दिन्छ र बढी प्राप्त गर्दछ । पहिले म उपयोगी व्यक्ति थिएँ क्यार ! 'जगदम्बा-श्री' पुरस्कार प्राप्त भएपछि मलाई अकस्मात् आफू सफल व्यक्तिमा परिवर्तित भएको अनुभूति हुन थालेको छ । नेपाली वाङ्मयलाई मैले जेजति योगदान गर्न सकेँ, त्यसको तुलनामा यो सम्मान बहुत ठूलो छ र मेरो चेतनालाई हुँडल्ने मेरो लघुताभासले मलाई मैले पाएको सम्मानको गरिमाअनुकूलको साधना र सृजना गर्न प्रतिपल नैतिक चाप दिएको छ । मदन पुरस्कार गुठीले प्रत्येक वर्षझैँ यस वर्ष पनि प्रमाणित गरेको चेतनागत उदात्ततापृति श्रद्धावनत रहँदै मिथिलाको यो छोरो यस वर्ष आफूप्रति परिलक्षित गरेको दुर्दान्त अनुरागका लागि भावविह्वल भई शिर निहुँराउँदै छ। ती सबै महान् आत्माहरूप्रति पनि म आभार प्रकट गर्दछु, जसको हृदयमा उठेको आशीर्वादको जलद ममाथि यस महान् पुरस्कारको रूपमा बर्सिएको छ। यो पुरस्कार मलाई भूगोल, जात, जाति, धर्म, नाता वा अन्य कुनै सङ्कीर्ण भावनाको आधारमा निश्चय पनि दिइएको छैन, नेपाली हुनुको नाताले दिइएको छ । नेपाली त्यो हो जसको हृदयमा सिङ्गो नेपाल छ– न जात, न सम्प्रदाय, न क्षेत्र, न अन्य कुनै सङ्कीर्णता । हृदयमा नेपाल हुनुको अर्थ हो, नेपाल कतै दुःखेको छ भने मेरो हृदय सहजै दुख्नुपर्दछ। अतःएव, मलाई लाग्दछ, यस पुरस्कारले मलगायत नेपाली वाङ्मयका सम्पूर्ण स्रष्टालाई सन्देश दिएको छ– हाम्रो सिर्जनामा नेपाल रोएको क्रन्दन- स्वर सुनिनुपर्दछ, नेपाल मुस्कुराएको रङ्ग छरिनुपर्दछ र नेपालको आँसु पुछेर त्यसलाई हाँसोमा परिवर्तित गर्ने शब्दको जादुगरी हुनुपर्दछ ।

साहित्यानुभूतिलाई स्वायत्त मान्न सकिए पनि समकालीन जीवन-जगत्सँगै शाश्वत-सार्वभौम जीवनप्रतिको नैतिक एवं रचनात्मक दायित्वको बोधको अभावले गर्दा उत्पन्न समकालीन जीवनको सङ्घर्षमा सार्थक हिस्सेदारीप्रति साहित्यकारमा उदासीनता हुनु तथा क्षणिक लाभको आशाले चारणवृत्तिलाई प्रश्रय दिनु राष्ट्रिय-अन्तर्राष्ट्रिय इतिहासमा दुर्घटनालाई ठाउँ छोड्नु वा त्यसलाई उद्दीपन दिनु हो। आफू बाँचेको समकालीन जीवन-जगतप्रति सजग एवं सम्वेदनशील भई त्यसको प्रत्येक ढुकढुकीलाई 'वस्तु' बनाई कलापूर्ण 'रूप' मा

सजाउँदा सौन्दर्य-संवाक्य (इस्थेटिक जजमेन्ट), सौन्दर्यानुभव (इस्थेटिक एक्सपिरिएन्स) सौन्दर्यानन्द, (इस्थेटिप्लेजर), सौन्दर्याभिरुचि (इस्थेटिक टेस्ट), 'वस्तु' र 'रूप'को सुन्दर समन्वयले स्वतः घटित हुन जान्छ भन्ने मान्यताले गर्दा जीवन-जगत, राष्ट्र र समाजप्रतिको रचनात्मक दायित्वप्रति मेरो सजगता र संवेदनशीलतालाई म स्वीकार गर्दछु ।

नेपालका सबै भाषाका साहित्यका बीच परस्पर विनिमयको सुमधुर परम्पराको विकास भएर एकअर्का भाषाका साहित्यसित परिचित भई नेपालका सबै भाषाका साहित्य सबल र समृद्ध हुने र विशाल साहित्यसम्पदा लिएर हाम्रो यो राष्ट्र एकढिक्का भएर उठ्ने सपना मैले साँचेको छु। आञ्चलिक साहित्यको विकासद्वारा राष्ट्रभाषा नेपाली साहित्यको मातृहृदयलाई अरू विशाल हेर्न पाउने, नेपाली जीवनका सबै पाटा प्रतिबिम्बित भएको तथा यसरी विभिन्न क्षेत्र र वर्गका अपरिहार्य नव-नवीन शब्दले स्वतः प्रविष्टि पाएर नेपाली शब्दकोश अरू विशाल र समावेशी भएको देख्न पाउने सपना मैले पालेको छु। नेपालको इन्द्रेणी-संस्कृतिका रङ्गहरूले चिरिच्याँट्ट पारेको विशाल नेपाली साहित्यको एकएक विधालाई शिश्वसाहित्यको अग्रतम स्थानमा गर्वोन्नत भएर विराजमान भएको देख्ने सपना मैले लगभग आधा शताब्दीदेखि मेरो हृदयको कुनै कुनामा आरतीको दीपझैँ बालेर राखेको छु। मेरा यी सपनाहरूलाई साकार भएको देखेरै संसारबाट बिदा हुन्छु भन्ने विश्वास नेपाली साहित्यसाधकहरूको भास्वर प्रतिभाले मभित्र जगाएको छ । म त्यस मङ्गल-मुहूर्तको प्रतीक्षामा छु ।

मसँगै पुरस्कृत हुनुभएका विद्वान् साथी कृषिविशेषज्ञ श्री नरबहादुर साउँदजीलाई पनि म हृदयदेखि साधुवाद दिन्छु । पूर्व र पश्चिमका हामी दुई नेपाली यसरी एकैसाथ सम्मानित हुनुलाई पनि मैले समावेशी नेपालको लागि अत्यन्त स्वागतयोग्य संयोग हो भन्ने ठानेको छु । हामी दुईलाई एकठाम समावेश गर्नुभएकोमा गुठीका पदाधिकारीवर्गलाई म धन्यवाद भन्छु ।

अन्त्यमा एकचोटि पुनः यहाँ हुनुभएका र नहुनुभएका सम्पूर्ण नेपाली बन्धु-बान्धवका चरणमा श्रद्धापूर्वक शिर निहुराउँदै बिदा चाहन्छु ।

धन्यवाद !"

डा. राजेन्द्रले पनि धन्यवाद भनेर आफ्नो उद्गार टुङ्ग्याएपछि २०६६ सालको मदन पुरस्कार विजयी ग्रन्थ 'नेपालको बालीनाली र तिनको दिगो खेती' का स्रष्टा श्री नरबहादुर साउँदलाई आफ्नो मन्तव्य राख्न आग्रह गरियो। उहाँको ह्विलचेयरसँगै एउटा माइक राखियो अनि उहाँले बोल्नुभयो। भन्नुभयो–

**"मदन पुरस्कार गुठीका अध्यक्ष तथा सदस्यहरू,**
**सभामा उपस्थित विद्वद्वर्ग, सञ्चारकर्मी तथा सज्जनवृन्द !**

नेपाली साहित्यको उन्नयनमा समर्पित नेपाली साहित्यको शीर्षस्थ आस्थाकेन्द्र मदन पुरस्कार गुठीले साझा प्रकाशनद्वारा प्रकाशित 'नेपालका बालीनाली र तिनको दिगो खेती' पुस्तकलाई २०६६ सालको सम्मानित मदन पुरस्कार प्रदान गरेकोमा मलाई आनन्द अनुभूति भइरहेको छ। म मदन पुरस्कार गुठीप्रति हार्दिक आभार प्रकट गर्दछु।

यस पुस्तकका लागि सन्दर्भ सामग्रीहरू जुटाउने र हरेक सहयोग गर्ने मेरा प्रिय भाइ स्वर्गीय मदनसिंह साउँदप्रति श्रद्धाञ्जली अर्पण गर्दछु। उनलाई भगवद् प्रेमानन्द उपलब्ध होस् भन्ने प्रार्थना छ।

साझा प्रकाशनले पुस्तक प्रकाशित गरिदिनुका साथै मलाई नेपालका प्रसिद्ध कृषि साहित्यकार एवं कृषिविशेषज्ञ प्रा. डा. फणीन्द्रप्रसाद नेउपानेसँग सम्पर्क गराइदियो। पुज्य गुरु प्रा. फणीन्दप्रसाद नेउपानेका मार्गदर्शन, आशीर्वाद र पारसवत् स्पर्शले नै यो पुस्तक स्तरीय हुन सकेको हो।

यस पुस्तकको पाण्डुलिपि तयार गर्दा विद्युत् नभएकाले मट्टीतेलको ल्याम्प बालेर लेखन गर्दा टी.भी. आदिको व्यवधान नभएकाले एकाग्रता उच्च स्तरको थियो।

नेपालको अर्थतन्त्रको मुख्य आधार कृषि हो। हामीले बिहान बेलुका हातमुख जोर्न चाहिने खाद्यान्नहरू खेतीपातीबाट उपलब्ध हुन्छ। तर खेतीपातीबारे सञ्चार माध्यम र नेतृत्वले धेरै कम बोलेको पाइन्छ। खाद्यान्न, तरकारी, फलफूल र जडीबुटीहरू उत्पादन गर्ने माटो हो। माटो एउटा जीवात् वस्तु मानिन्छ किनकि माटोमा असङ्ख्य सूक्ष्मजीवी रहेका हुन्छन् र यिनै सूक्ष्मजीवीहरूले माटोलाई बढी उर्वर, पानी थाम्न सक्ने, नरम र जीवन्त बनाइराख्न मद्दत गर्छन्। यस माटोलाई

कसरी स्वस्थ, चीरकाल उब्जाउशील र विषरहित राख्न सकिन्छ? कसरी विषरहित कृषि अपनाएर हावा, पानी र माटोलाई प्रदूषणरहित राख्न सकिन्छ ? विषमुक्त खाद्यवस्तु उत्पादन गरी जनताको स्वास्थ्य रक्षा कसरी गर्न सकिन्छ? लागत घटाएर नेपालको कृषि प्रणालीलाई कसरी आत्मनिर्भर वा स्वावलम्बी बनाउन सकिन्छ ? रासायनिक मल र रासायनिक विषादीहरूको एकदमै राम्रो विकल्प हामीसँग उपलब्ध छन्, ती के हुन् ? रासायनिक खेतीले हाम्रो कृषि व्यवस्था परनिर्भर र बढी खर्चिलो हुँदै गइरहेको, माटो कडा र रूखो बन्दै गइरहेको अवस्था छ । बढी उब्जा दिने बिउ कसरी उत्पादन गर्न सकिन्छ ? देशको बालीनाली र माटो वर्षको अधिकांश महिनाहरूमा तिर्खाएको अवस्थामा रहन्छन् । तिनको प्यास ठाउँठाउँमा आहाल, पोखरी आदि बनाएर बर्सातको पानी सङ्कलन गरी कसरी मेटाउन सकिन्छ ? आदि यस्तै प्रश्नहरूको जवाफ लिएर पुस्तक आएको छ । कृषिलाई भरपर्दो, आयमूलक, स्वावलम्बी, दिगो र बढी उब्जाउ बनाई यसलाई सम्मानपूर्ण पेसाको रूपमा विकसित गर्नु जरुरी छ । देशलाई विषरहित स्वस्थ कृषि उत्पादन उपलब्ध गराउनु कृषिविद् र कृषकहरूको नैतिक दायित्व हो ।

भारतको पञ्जाब र हरियाणामा भइरहेको रासायनिक विषादी र रासायनिक मलहरूका अत्यधिक प्रायोगको कारणले त्यहाँ कलेजो, मुटु र मृगौलाका बिरामीहरूको सङ्ख्या निकै बढेको प्रतिवेदन छ। दक्षिण भारतको काजु उत्पादन क्षेत्रमा एन्डोसल्फानामक विषादीको अत्यधिक प्रयोगले विष माटो, भूमिगत पानी र हावामा मिसिएको हुँदा त्यहाँ नवजातहरू गर्भैबाट मुख र टाउको बाङ्गिएका, हातखुट्टा लुला भएका र अनेक शारीरिक र मानसिक विकारयुक्त पैदा भइरहेका छन्। आमाको दूध र गाईबस्तुको दूधमा समेत खाद्य शृङ्खलाबाट पसेका विषादीका अवशिष्ट फेला परिरहेका छन्। रासायनिक खेतीको यस्तो दुष्प्रभावबाट जोगिन हामीले समयमै प्राङ्गारिक खेतीमा किन जोड नदिने ? मल र विषादीको आयात र अनुदानमा हुने खर्चलाई प्राङ्गारिक मल, गोठे मल, कम्पोस्ट मल, गड्यौली मल, हरियो मल, सूक्ष्म जैविक मल, उत्पादन, उन्नत बिउ उत्पादन र जमिनको समतलीकरणमा लगानी गर्नुपर्ने देखिन्छ। कृषकहरूको कार्यबोझ कम गर्न कृषि औजार र उपकरणहरूको

उत्पादन र प्रयोग बढाउने महत्त्वपूर्ण पक्षमा ध्यान गएको पाइँदैन। कृषि ऋण न्यूनतम ब्याजदरमा उपलब्ध हुनुपर्ने हो।

मदन पुरस्कार गुठीद्वारा यस वर्ष कृषि वाङ्मय पुरस्कृत भएकोमा नेपालका कृषिविद् र कृषिकर्मीहरू खुसी भएका छन् भन्ने कुरा प्रतिक्रियाहरू पढ्दा ज्ञात हुन्छ। विदेशमा बस्ने कृषिविद्ले पनि गुठीलाई धन्यवाद दिएका छन्। धान, गहुँ, मकै, कोदो, दाल, उखु, तोरी, सर्स्यू, आलु आदिको चर्चालाई महत्त्व दिनु नेपाली कृषकहरूलाई सम्मान गर्नु हो। नेपाली कृषिजनहरूको तर्फबाट म मदन पुरस्कार गुठीप्रति आभार र धन्यवाद प्रकट गर्छु। नेपाल सरकारद्वारा यस पुस्तकलाई प्रत्येक गा.वि.स.मा पुऱ्याउने कार्य होस् भन्ने अपेक्षा छ। सुदूर पश्चिम नेपालमा कृषि विश्वविद्यालय स्थापना हुनु आवश्यक देख्छु।

जगदम्बा परिवार र दीक्षित परिवारले नेपाली भाषाको उन्नयनका लागि गुठी स्थापना गरी विगत ६ दशकदेखि पुरस्कारहरू प्रदान गरिरहेको छ। यो धेरै प्रशंसनीय र नेपालीहरूलाई गौरवान्वित गर्ने सत्कार्य हो।

साहित्य आजको युगमा विज्ञान र प्रविधिलाई पनि अभिव्यक्ति दिने चुनौती छ। प्राविधिक शब्दहरूको निर्माण र तिनको सही प्रयोग एउटा कठिन कार्य हो। कृषि, आयविज्ञान, अभियान्त्रिकी, कम्प्युटर आदिको प्रविधिलाई पनि नेपाली भाषाले सजिलै अभिव्यक्त र व्याख्या गर्न सक्नुपर्छ। प्राविधिक शब्दहरूको अभावमा भाषा अधुरो रहन्छ। यस पुस्तकमा प्राविधिक शब्दहरूको निर्माण, सङ्कलन र प्रयोग भएको छ, खेतखलो र खेतबारीमा प्रयोग हुने भाषा उजागर भएको छ। प्राविधिक विषयहरू पनि नेपाली भाषामा नै अध्ययन र अध्यापन हुन सकेमा प्राविधिक ज्ञान तृणमूल स्तरसम्म सलल बग्न सहज हुन्छ। यसो हुन सकेमा हाम्रो राष्ट्रियता र एकता पनि सङ्गठित हुने छ। हाम्रो संस्कृति सनातन, चीरकाल परीक्षित दिगो भएकाले हामीले आफ्नै भाषा, भेष, भेषज र भोजनलाई बढी महत्त्व दिनुपर्छ।

अङ्ग्रेजीमा रहेका प्राविधिक शब्दहरूलाई नेपालीकरण गर्न संस्कृत भाषाको ज्ञान अपरिहार्य देखिन्छ। साथै संस्कृत साहित्यमा रहेको अमूल्य जीवनदर्शन, ज्ञान र सदाचारलाई जनसमक्ष ल्याउन र



श्री नरबहादुर साउँदलाई ओल्क्याउँदै डा. गोविन्द टण्डन तथा श्री शिवगोपाल रिसाल पछाडि कुन्द दीक्षित ।



मदन पुरस्कार विजयी श्री नरबहादुर साउँदको अभ्यर्चना गर्दै गुठीका अध्यक्ष, पछाडि विद्वान्द्वय डा. गोविन्द टण्डन तथा श्री शिवगोपाल रिसाल ।



रातो बङ्गला स्कूलकी प्रिन्सिपल श्री मिलन दीक्षित र स्कूलकी डाइरेक्टर शान्ता दीक्षित सम्मानित डा. राजेन्द्र विमल तथा श्री नरबहादुर साउँदलाई माला पहिऱ्याउँदै ।



मदन पुरस्कार समारोह : बायाँबाट श्री कुन्द दीक्षित, डा. राजेन्द्र विमल, श्री विहारिकृष्ण श्रेष्ठ, श्री कमलमणि दीक्षित तथा (ह्विलचेयरमा) श्री नरबहादुर साउँद ।

बायाँबाट डा. राजेन्द्र विमल, श्री विहारीकृष्ण श्रेष्ठ र कमल दीक्षित ।






सभाका 'कर्ता-धर्ता' (एमसी) द्वयः सुधा ओझा तथा ज्ञाननिष्ठ ज्ञवाली अनि बायाँदेखिः गुठीका कार्यालय सचिव गजेन्द्रनाथ रेग्मी, सदस्य सचिव कुन्द दीक्षित, डा. राजेन्द्र विमल, श्री विहारीकृष्ण श्रेष्ठ, गुठीका अध्यक्ष कमलमणि दीक्षित, ह्विलचेयरमा श्री नरबहादुर साउँद ।



प्रसन्न मुद्रामा सम्मानित ब्यौलाद्वय ।




पुरस्कार समारोहको विहङ्गम दृश्य : कमलमणि थिएटरमा ।





डा. राजेन्द्र विमललाई ओल्क्याउँदै विद्वान्द्वय डा. विष्णुराज आत्रेय र श्री माधवलाल कर्माचार्य ।



पुरस्कार जगदम्बा-श्रीको रकम राशि स्वीकार गर्दै डा. राजेन्द्र विमल ।



जगदम्बा-श्रीद्वारा सम्मानित डा. राजेन्द्र विमल आफ्नो उद्‌गार व्यक्त गर्दै, तल गुठीका सदस्य-सचिव श्री कुन्द दीक्षित ।



मदन पुरस्कार विजेता श्री नरबहादुर साउँद आफ्नो उद्‌गार वाचन गर्दै ।

विगतमा संस्कृतका सहायताले भएको शोषण मेटाउन पनि कम्तीमा माध्यमिक विद्यालय स्तरसम्म संस्कृतको पढाइ हुनु आवश्यक देखिन्छ । विदेशीहरू हाम्रा ऋषिमुनिले अर्जेको ज्ञान पाउन लालायित छन्, हामी भने त्यसलाई परित्याग गरिरहेका छौँ । हामीले पोषण, औषध र मलको स्रोत गौमाता गाईको पहिलेभन्दा बढी सम्मान र संरक्षण गर्नुपर्छ ।

अपाङ्ग भएर जिउन धेरै कष्टकर हुन्छ । नेपाललाई अपाङ्गमुक्त राष्ट्र बनाउन नेपाल सरकारले चाँडै Stem Cell Therapy सेवा आरम्भ गरी थप अपाङ्गता रोक्न र विद्यमान अपाङ्ग व्यक्तिहरूको उपचार व्यवस्था मिलाउन कदम चालोस् भन्ने अनुरोध छ ।

नवरात्रिको उपलक्ष्यमा यो भन्न चाहन्छु, कि यी निरीह, निर्दोष पशुहरूको हत्या नगरौँ । जसरी हामीलाई बाँच्न प्रिय लाग्छ त्यसरी नै तिनीहरूलाई पनि जिउने रहर होला । ब्रह्माजीले दानव, मानव र देवताहरूलाई एक महान् उपदेश दिए । द द द दयध्वम् दम-दमन । दानवहरूलाई भने कि जीवात्प्रति दया गर, मानिसहरूलाई भने कि दान देऊ, बाँडेर खाऊ र देवताहरूलाई भने कि आत्मानुशासनमा रहू, इन्द्रिय दमन गर । हामी पशुहरूप्रति निर्दयी छौँ । माता भगवती सबैकी आमा हुन् । उनी आफ्ना सन्तानहरूका हत्या भएको देखेर कहिल्यै खुसी हुन सक्दिनन् । हामी सात्विक दसैँ मनाऔँ ।

देशमा जात, भाषा, धर्म र क्षेत्रीयताको आधारमा द्वेष सिर्जना गर्नु भनेको राष्ट्रियतालाई कमजोर तुल्याउनु हो । कुनै जात, वर्ग वा क्षेत्रको हुनुभन्दा पहिले हामी नेपाली हौँ ।

अय निजः परो वेत्ति गणना लघुचेतसाम् ।<br>
उदारचरितानां तु वसुधैव कुटुम्बकम् ॥

सानो मन भएको व्यक्तिले यो मेरो, ऊ परको, हामी यहाँका, तिनीहरू त्यहाँका आदि गणना गर्छन् तर उदार एवं विशाल हृदय भएका व्यक्तिका लागि यो संसार नै एउटा परिवार हो । हाम्रो दुई छिमेकी राष्ट्र ठूला छन् । त्यहाँका त्यत्ति मानिसहरू आपसमा मिलेर बसेका छन् आफूलाई भारतीय वा चिनियाँ हुँ भनेर गर्व गर्छन् तर हामी थोरै भएर पनि आपसमा लड्छौँ भने यो लाजमर्दो कुरो हो ।

सबै समस्याको मूल भ्रष्टाचार हो । जिल्लाहरूमा हेर्नुहोस् कागजमा विकास भएको देखाइन्छ विकासको रकम क्षेत्रमा पुग्दैन। देश आर्थिक अशुचिताले प्रदूषित भइरहेको छ। नेतृत्वमा केवल सदाचारी, इमान्दार, भ्रष्टाचार विरोधी देशप्रेमले ओतप्रोत, करोडौँको प्रलोभनलाई पनि सजिलै लत्याउन सक्ने व्यक्तिहरू मात्र पुगून् भनी हामी सबैले सचेत र सङ्गठित हुनुपर्ने आजको टड्कारो आवश्यकता देख्दछु ।

आज मसँगै सम्मानित हुनुभएका विद्वान् मित्र डा. राजेन्द्र विमललाई म हार्दिक शुभकामना र बधाई अर्पण गर्दछु । गुठी परिवारप्रति पुनः धन्यवाद !

अन्त्यमा सर्वज्ञ, सर्वशक्तिमान् र सर्वव्यापी ईश्वर यस सभामा उपस्थित मान्यगण, नेपाली जनता र सम्पूर्ण जीव तथा निर्जीवहरू समक्ष म एउटा प्रस्ताव राख्न चाहन्छु । प्रस्ताव हो, म तपाईंहरू सबैलाई प्रेम गर्छु। सबैलाई प्रणाम। विजयादशमीको हार्दिक शुभकामना छ ।"

श्री नरबहादुर साउँदले विजयादशमीको शुभकामना दिएर आफ्नो मन्तव्य टुङ्ग्याएपछि पुस्तक समर्पणको कार्य भयो । गुठीका अध्यक्ष श्री कमलमणिले लेख्नुभएको 'क क न न (३) र (४)' कुमारी इशा भुजेलले ल्याई आजका दुई सम्मानित 'ब्यौला'हरू तथा श्री विहारीकृष्णलाई समर्पण गरिन् । सुधा र ज्ञाननिष्ठले सभामा उपस्थित सबैलाई पनि यी पुस्तक उपलब्ध हुने छन्  तल प्राङ्गणमा भनी उद्घोष गर्नुभयो । अनि धन्यवाद ज्ञापन गर्न गुठीका सदस्य-सचिव श्री कुन्द दीक्षितलाई आह्वान गरी आफूहरू बिदा हुनुभयो । श्री कुन्द दीक्षितले भन्नुभयो–

"आदरणीय अध्यक्षज्यू, आजका दुई जना पुरस्कृत विद्वान्ज्यूहरू, बिहारीकृष्णज्यू र सबै पाहुनाहरू यस वर्ष गुठीले धेरैतिरबाट धन्यवाद पायो, आशै नगरेको क्षेत्रबाट पनि धन्यवाद आयो । त्यसैले आज सबभन्दा पहिले म हामीलाई जस दिने सबैलाई धन्यवाद भन्छु ।

अध्यक्षज्यूले स्वागत भाषणमै भनेजस्तै म पनि डा.राजेन्द्र विमलजी तथा नरबहादुर साउँदजीलाई धन्यवाद निवेदन गर्दछु– किनभने तपाईंहरू दुवैले यसपटक गुठीको कार्यक्षेत्रलाई नै फराकिलो पारिदिनुभएको छ ।

नरबहादुरजीलाई त गुठीले मात्र धन्यवाद दिएर पुग्दैन जस्तो भन्ने मलाई लाग्छ। तपाईंको कामलाई देशैले धन्यवाद भन्नुपर्छ। किनभने तपाईंले देशको ऐलेको सबभन्दा जल्दोबल्दो समस्यातिर राज्यको ध्यान आकर्षण गराउनुभएको छ। कृषिमा आधारित यो नेपालमा यही क्षेत्र सबभन्दा उपेक्षित छ। खाद्यमा हामी पर-निर्भर हुँदै गैरहेका छौं, कृषि कार्य बेवास्ता भै ओरालो लागेकाले नै आएको हो यो सङ्कट। हाम्रा राजनेता र प्रशासकहरूले ओठे आश्वासन दिनबाहेक यसतर्फ केही गर्नै छाडेका छन्। यस्तो अवस्थामा तपाईंको यो वृहत् ग्रन्थ समयोचित किसिमले आएको छ। नरबहादुरजीलाई केही उपचार हुन सक्छ कि भनेर आज यो समारोहपछि उहाँलाई साँगा लग्ने स्पाइनल इन्जुरी रिहाबिलिटेसन सेन्टरका प्रशासक र डाक्टरहरूलाई पनि धन्यवाद।

डा. राजेन्द्र विमलज्यू, तपाईंबाट हामीले सच्चा नेपाली राष्ट्रवाद के हो भन्ने सिकेका छौं। तपाईंको यो ऊर्जा अरूमा पनि सरोस् भन्ने शुभकामना गर्दै म तपाईंलाई धन्यवाद ज्ञापन गर्दछु।

बिहारीकृष्णजी, त्यसबेलाको जुम्ला जस्तो अनकण्टार क्षेत्रमा पुगेर मौलिक नेपाल र नेपाली रहनसहनको अध्ययन गर्ने तपाईंलाई गुठीले उहिल्यै सम्मानित गरिसकेको हो। व्यक्तिगत रूपमा मलाई तपाईंको यो विद्वद्-प्रवचनले नयाँ दिशाबोध गराएको छ। राजधानीको राजनीति दुर्गन्धित भए पनि तपाईंले नेपालले ग्रामीण विकासमा कमाएको उपलब्धिको चर्चा गरेर हामीलाई भविष्यप्रति आशा जगाइदिनुभयो। तपाईंलाई धन्यवाद छ।

उपस्थित अरू विद्वद्जनलाई पनि मेरो यथायोग्य धन्यवाद छ। दसैंको बेला सबैको कति काम होला, सबै छोडेर यहाँसम्म आई हाम्रो उत्साह बढाइदिनुभएकोमा धन्यवाद !

गीता समुदय प्रकाशनले क क न न-का दुई भाग यहाँ वितरण गर्न नि:शुल्क हामीलाई उपलब्ध गराएकोमा त्यहाँका पदाधिकारीहरूलाई धन्यवाद ज्ञापन गर्दछु।

हाम्रा आजका दुई जना सम्मानित व्यक्तिहरूलाई ओल्क्याई ल्याउने हाम्रा चार जना पाका विद्वान्हरूसँग हामी धेरै कृतज्ञ छौं। चारै जनालाई सम्मानपूर्वक धन्यवाद निवेदन गर्दछु।

सधैँझैँ रातोबङ्गला स्कूल परिवारलाई र जगदम्बा प्रेसलाई पनि धन्यवाद भन्छु– सबै सहयोगका लागि ।

तल प्राङ्गणमा केही खाजा खाने व्यवस्था गरेका छौँ। त्यो तयार पार्नेलाई जस्तै त्यो खाइदिनेहरूलाई पनि धन्यवाद अर्पण गर्छु, ‘भन्नेलाई फूलको माला सुन्नेलाई सुनको माला’ भनेजस्तै !

सबैको जय होस् !”

यसपछि अध्यक्षज्यूले सभा विसर्जन भएको घोषणा गर्नुभयो र सबै जना चियापानका लागि तल झर्नुभयो। रातो बङ्गला स्कूलको ठूलो चौरमा एक घण्टाजति अतिथिहरू आपसमा भेटघाट कुराकानी गरेर चियानास्ता गर्दै बस्नुभयो। अनि पाँच बजेसम्म सबै अभ्यागतहरू आ-आफ्नो घरतिर लागिसकेका थिए।

गजेन्द्रनाथ रेग्मी
कार्यालय-सचिव
म.पु. गुठी

# नेपालीमा प्रयुक्त संस्कृतमूलका अनुपयुक्त शब्दहरू :*

– मतिप्रसाद ढकाल

*[संस्कृत भाषाको वर्णविज्ञान विषयमा विद्यावारिधि गर्नुभन्दा निकै अघिदेखि नै हामीलाई लेखहरू दिएर सहयोग गर्ने मतिप्रसाद ढकाल आदिकविका जन्मथलोमा अध्यापन गर्छन्। भानुभक्तको भाषामा गहिरो अध्ययन पनि गरेका छन् यिनले। त्यसै विषयमा यिनका लेखहरू 'नेपाली'मा छापिएका हुन्। यसपटक भने अलि फरक विषय रोजेका छन् ढकालजीले। यहाँ उठाइएको विषय गम्भीर छ। पाणिनी व्याकरणमा अशुद्ध मानिने कतिपय शब्दहरू नेपालीमा विद्वान्हरूले प्रयोग गर्ने गरेका छन्, त्यस्ता शब्दहरूलाई त्यस्तै चलन गर्दै जाने हो कि सच्याउने भन्ने उनले प्रश्न गरेका छन्। 'नेपाली' त त्यसमा केही भन्न सक्तैन, अब यसबारे हाम्रो वैयाकरणी अथवा भाषाशास्त्रीहरूले केही निक्र्यौल गरिदिनुपर्छ भन्ने हाम्रो निवेदन हो। हामीलाई के लाग्छ भने ५०/६० वर्षदेखि 'नेपाली'ले चलाइसकेका प्रयोगलाई त्यसै फाल्न सकिँदैन कि? त्यस्ता शब्दलाई 'अङ्गीकृत' नेपाली शब्द बनाउन मिल्छ? विद्वान्हरूले हामीलाई भनिदिनुपर्‍यो– सम्पादक]*

नेपाली भाषाको विकास संस्कृत भाषाबाट भएको हो। नेपालीमा प्रयोग गरिने अधिकांश शब्दहरूको मूल स्रोत संस्कृत नै मानिन्छ। नेपालीमा बहुप्रचलित संस्कृतमूलका यस्ता केही शब्दहरूसमेत पाइन्छन्, जसलाई संस्कृत व्याकरणका दृष्टिले उपयुक्त ठहऱ्याउन सकिँदैन। यस अध्ययनको प्रारम्भिक शृङ्खलामा त्यस्ता केही शब्दहरूको सप्रमाण चर्चा गरिएको छ।

### १. अत्याधिक

*अति* र *अधिक* दुई शब्दको योग हुँदा पराद्य अकारनिमित्तक पूर्वान्त इकारको यकार *यण्* (पा., अ. ६।१।७७) भएर *अत्यधिक* शब्द

---

* *यस लेखमा उपयोग गरिएका सङ्क्षिप्त शब्दहरू निम्नलिखित छन्:*
*अ.: अष्टाध्यायी, पा.: पाणिनी, पू.: पूर्वतत्, पृ.: पृष्ठ, व्याख्या.: व्याख्याकार, संयो.: संयोजक, संस्क.: संस्करण, सम्पा.: सम्पादक*

बन्दछ । त्यसैले *अत्याचार, अत्याधुनिक* आदि शब्दहरूको सादृश्यमा नेपालीमा प्रयोग गरिएको (अत्याधिक प्रज्वलनशील पेट्रोलियम पदार्थ, अत्याधिक बहुमतले विजय गराऔँ...) *अत्याधिक* शब्द अनुपयुक्त देखिन्छ ।

**२. अन्तर्कथा**

*अन्तर्* र *कथा* दुई शब्दको योग हुँदा उत्तरवर्ती शब्दका आद्य ककारलाई आधार मानेर पूर्ववर्ती शब्दका अन्त्य रकारको विसर्ग (पा., अ. ८।३।१५) भई *अन्तःकथा* शब्द बन्दछ। त्यसैले *अन्तर्गत, अन्तर्मन, अन्तार्वार्ता* आदि शब्दहरूको सादृश्यका प्रभावमा नेपालीको मानक शब्दकोशमा *अन्तर्कथा* शब्दको प्रविष्टि (पोखरेल, २०५५, पृ. ४६) र प्रयोग हुनुलाई उपयुक्त ठान्न सकिँदैन ।

**३. अन्तर्कलह**

*अन्तर* र *कलह* दुई शब्दको योग हुँदा शब्द २ मा झैँ पराद्य ककारलाई निमित्त मानेर पूर्वान्त रकारको विसर्ग हुने भएकाले *अन्तःकलह* शब्द उपयुक्त र *अन्तर्कलह* शब्द अनुपयुक्त ठहरिन्छन् ।

**४. अन्तर्क्रिया**

*अन्तर्* र *क्रिया* दुई शब्दको योग हुँदा शब्द २ र ३ मा झैँ पराद्य ककारलाई निमित्त मानेर पूर्वान्त रकारको विसर्ग हुने भएकाले *अन्तःक्रिया* शब्द उपयुक्त ठानिन्छ भने *अन्तर्क्रिया* (पोखरेल, पू.) शब्द अनुपयुक्त देखिन्छ ।

**५. अन्तर्राष्ट्रिय**

*अन्तर्* र *राष्ट्रिय* दुई शब्दको योग हुँदा पराद्य रकारनिमित्तक पूर्वान्त रकारको लोप हुने (पा., अ. ८।३।१४) र *रलोपनिमित्तक राष्ट्रिय* शब्दलाई आधार मानेर पूर्वान्त अकारको दीर्घ हुने (पा.,अ. ६।३।१११) भएकाले *अन्ताराष्ट्रिय* शब्द बन्दछ । *राष्ट्रिय* शब्दसँग *भित्र* अर्थ बुझाउने *अन्तर्* शब्दको योग हुँदा निर्माण हुने शब्दले राष्ट्रभित्रको भन्ने मात्र अर्थ बुझाउनुपर्नेमा अन्य राष्ट्रलाई समेत बुझाएको पाइन्छ । त्यसैले अर्थात्मक र शब्दरचनात्मक दृष्टिले *अन्तर्राष्ट्रिय* शब्दको प्रयोग विचारणीय ठहरिन्छ ।

### ६. अपहरित

*अप* उपसर्गपूर्वक *हृ* धातुमा *क्त* (त) प्रत्ययको योग भई *अपहृत* शब्द बन्दछ । *हृ* धातु इकार आगम नहुने *(अनिट्)* धातुका रूपमा पढिएको (मिश्र, २००३, पृ. २४२) हुँदा इकारको आगम निषेध (पा., अ. ७।२।१०) भएकाले *पठित, लिखित* आदि शब्दका सादृश्यमा नेपालीमा प्रयुक्त *अपहरित* शब्द उपयुक्त देखिँदैन ।

### ७. आतिथ्यता

*अतिथि* शब्दमा भावार्थक *ष्यञ्* (य) प्रत्यय (पा., अ. ५।१।१२४) लागेपछि आद्य अकारको आकारका रूपमा वृद्धि र अन्त्य इकारको लोप भएर *आतिथ्य* शब्दको रचना हुन्छ। भावार्थक *ष्यञ्* प्रत्ययान्त *आतिथ्य* शब्ददेखि पुनः भावार्थक *तल्* (ता) प्रत्यय नलाग्ने भएको हुँदा आतिथ्यता शब्दको प्रयोग (हाम्रो आतिथ्यता स्वीकार गरी...) लाई उपयुक्त ठान्न सकिँदैन ।

### ८. उपरोक्त

*उपरि* र *उक्त* दुई शब्दको योग हुँदा पराद्य उकारनिमित्तक पूर्वान्त इकारको यकारका रूपमा *यण्* (पा., अ. ६।१।७७) भई *उपर्युक्त* शब्दको निर्माण हुन्छ । त्यसैले *उपरोक्त* शब्दको प्रयोग (उपरोक्त विषयमा/सम्बन्धमा...) अनुपयुक्त देखिन्छ ।

### ९. उल्लेखित

*उत्* उपसर्गपूर्वक *लिख्* धातुमा *क्त* (त) प्रत्ययको योग हुँदा कित् क्त प्रत्ययलाई आधार मानेर *लिख्* धातुका उपान्त्य इकारको एकारका रूपमा प्राप्त *गुण* निषेध (पा., अ. १।१।५) भएर *उल्लिखित* शब्दको रचना हुन्छ। त्यसैले *लेख, लेखक* आदि शब्दको सादृश्यमा अनुकरण गरिएको *उल्लेखित* शब्द प्रयोगलाई उपयुक्त ठान्न सकिँदैन ।

### १०. कृतसङ्कल्पित

*कृत* (गरेको) छ *सङ्कल्प* जसले भन्ने विग्रहमा बहुव्रीहि समास (पा., अ. २।२।२४) भएर विशेषणवाची *कृतसङ्कल्प* शब्द बन्दछ। *कृतसङ्कल्प* शब्ददेखि *इतच्* प्रत्यय असम्भव भएकाले *कृतसङ्कल्पित* शब्दको प्रयोग अनुपयुक्त देखिन्छ ।

## ११. गरिमामय

*गरिमन्* प्रातिपदिक शब्ददेखि *मयट्* प्रत्यय लागी प्रातिपदिकान्त नकारको लोप (पा., अ. ८।२।७) भएर *गरिममय* शब्दको निर्माण हुन्छ। *गरिमा* शब्दको मूल *गरिमन्* हो भन्ने वास्तविकतातर्फ दृष्टि नपुगेकाले नेपालीमा अनुपयुक्त *गरिमामय* शब्दको प्रयोग (गरिमामय उपकुलपति पदमा नियुक्त हुनुभएकामा हार्दिक बधाई...) हुन गएको हो।

## १२. ग्रसित

उकारको *इत्संज्ञा* हुने *ग्रस्* धातुदेखि *क्त* (त) प्रत्यय लागेर *ग्रस्त* शब्दको रचना हुन्छ। *ग्रस्* धातु इडागम हुने (सेट्) धातुका रूपमा पढिएको (मिश्र, २००३, पृ. १५३) भए पनि *ग्रस्* धातुमा उकारको इत्संज्ञा भएका कारण *क्त* प्रत्ययको इडागम निषेध हुने (पा., अ. ७।२ १५) भएकाले इडागमयुक्त *ग्रसित* शब्दको निर्माण असम्भव देखिन्छ।

## १३. चलायमान

संस्कृत व्याकरणमा *हल्लनु* भन्ने अर्थमा रहेको *चल्* धातु परस्मैपदी धातुका रूपमा पढिएको छ (शर्मा, २००५, पृ. १९६)। परस्मैपदी धातुदेखि *शानच्* (आन) प्रत्यय नहुने र *शतृ* (अत्) प्रत्यय मात्र हुने भएकाले *चल्* धातुदेखि शतृ प्रत्यय लगाएर *चलन्* शब्द र णिजन्त *चल्* धातुदेखि *शतृ* प्रत्यय लगाएर *चालयन्* शब्दमात्र सिद्ध गर्न सकिन्छ। त्यसैले अनुपयुक्त *चलायमान* शब्दको सट्टा *चलिरहेको* भन्ने शब्दको प्रयोग गर्न उपयुक्त हुन्छ।

## १४. जागृत

*जागृ* धातुदेखि *क्त* (त) प्रत्यय लागेपछि *क्त* प्रत्ययको इट् (इ) आगम र धातुका ऋकारको रपरत्वसहित अकार *गुण* (पा., अ. ७।३।८४) भएर *जागरित* शब्द बन्दछ। त्यसैले संस्कृतको *जाग्रत्* शब्दबाट *जागेको, ब्युँझेको* आदि अर्थमा अनुपयुक्त *जागृत* शब्दको विकास भएको देखाइनु (पोखरेल, २०५५, पृ. ४५९) अनुपयुक्त देखिन्छ।

### १५. त्रसित

ईकारको इत्संज्ञा हुने *त्रस्* धातुदेखि *क्त* (त) प्रत्यय लागेर *त्रस्त* शब्दको निर्माण हुन्छ। *त्रस्* धातु *सेट्* धातुका रूपमा पढिएको (मिश्र, २००३, पृ. ४०८) भए पनि *त्रस्* धातुमा ईकारको इत्संज्ञा गरिएको हुँदा *क्त* प्रत्ययको इडागम निषेध हुने (पा., अ. ७।२।१४) भएकाले इडागमयुक्त *त्रसित* शब्द सिद्ध हुन नसक्ने हुँदा त्यसको प्रयोगलाई उपयुक्त ठहऱ्याउन सकिँदैन।

### १६. दिग्भ्रमित

उकारको इत्संज्ञा हुने *भ्रम्* धातुदेखि *क्त* (त) प्रत्यय लागेर धातुका उपान्त्य अकारको *दीर्घ* र अन्त्य मकारको *अनुस्वार* एवम् परसवर्ण भएर *भ्रान्त* शब्दको रचना हुन्छ। *भ्रम्* धातु *सेट्* धातुका रूपमा पढिएको (मिश्र, २००३, पृ. २१२) भए पनि भ्रम् धातुमा उकारको इत्संज्ञा गरिएको हुँदा *क्त* प्रत्ययको इडागम निषेध हुने (पा., अ. ७।२।१५) भएकाले इडागमयुक्त *भ्रमित* शब्द सिद्ध हुन नसकेको हो। *दिक्* र इडागमरहित *भ्रान्त* शब्दका बीचमा समास भएपछि ककारको गकारका रूपमा *जश्त्व* भएर *दिग्भ्रान्त* शब्द सिद्ध हुन्छ। त्यसैले *दिक्* र इडागमयुक्त *भ्रमित* शब्दको योगमा निर्माण गरिएको *दिग्भ्रमित* शब्द अनुपयुक्त ठहरिन्छ।

### १७. दुरावस्था

दुर् र अवस्था दुई शब्दको योग भई *दुरवस्था* शब्द बन्दछ। *दुर्* उपसर्ग हलन्त हुन्छ भन्ने ख्याल गर्न नसकिएका कारण अनुपयुक्त *दुरावस्था* शब्दको प्रयोग नेपालीमा हुन पुगेको हो।

### १८. धैर्यता

*धीर* शब्ददेखि भावार्थक *ष्यञ्* (य) प्रत्यय (पा., अ. ५।१।१२४ र तल् (ता) प्रत्यय (पा., अ. ५।१।११९) लागेर क्रमशः *धैर्य* र *धीरता* शब्दको निर्माण हुन्छ। *धैर्य* शब्दमा नै भावार्थक *ष्यञ्* प्रत्यय भएको छ भन्ने विचार नपुऱ्याइएका कारण *धैर्य* शब्ददेखि असम्भव र निरर्थक रूपमा *तल्* प्रत्यय लगाएर अनुपयुक्त *धैर्यता* शब्दको प्रयोग नेपालीमा भएको देखन पाइन्छ। एउटा आधार शब्दमा एउटै अर्थका

अनेक प्रत्यय लाग्ने सम्भावना नरहने भएकाले एक-एक प्रत्यय लगाएर *धैर्य* वा *धीरता* शब्दको मात्र प्रयोग गरिनुपर्ने देखिन्छ ।

### १९. परम्परित

संस्कृत व्याकरणमा *तारकादिगण* (पा., अ. ५ ।२ ।२६) मा पढिएका *तारक, पुष्प* आदि शब्ददेखि *इतच्* (इत) प्रत्यय हुन्छ भने *क्त* प्रत्ययको आद्यवयवका रूपमा इडागम हुँदा पनि शब्दान्तमा *इत* प्रत्ययको उपस्थिति भेटिन्छ। नेपालीमा कुन चाहिँ *इतच्* प्रत्ययको *इत* हो र कुन चाहिँ इडागमविशिष्ट *क्त* प्रत्ययको *इत* हो भन्ने कुराको यथार्थ ज्ञान हुन नसक्दा अधिकांश नेपाली शब्दमा इत प्रत्यय लगाइएको पाइन्छ। यसै क्रममा *परम्परा* शब्ददेखि *इत* प्रत्यय लगाएर *परम्परित* शब्दलाई नेपालीमा प्रयोग गर्ने गरिएको छ। परन्तु यसको आधार स्पष्ट देखिँदैन। *परम्परा* शब्द धातु नभएकाले यसमा इडागमविशिष्ट *क्त* प्रत्ययबाट विकसित *इत* प्रत्ययको योग हुनु असम्भव छ । संस्कृत व्याकरणको *तारकादिगण* (पा., अ. ५ ।२ ।२६) मा ८७ शब्दहरू पढिएका पाइन्छन् (शर्मा, १९५१, पृ. ५९२)। ती शब्दहरूमध्ये नेपालीमा *पुष्प, उच्चार, प्रचार, विचार, पल्लव, खण्ड, मुद्रा, पुलक, दुःख, उत्कण्ठा, गौरव, तरङ्ग, गर्व, हर्ष, रोमाञ्च, पण्डा, फल, अङ्कुर, कलङ्क, मूर्च्छा, प्रतिबिम्ब* र *दीक्षा* शब्दमा *इतच्* प्रत्यय लागेर निर्माण भएका शब्दहरू प्रचलनमा आएको देख्न सकिन्छ । तारकादिगणलाई *आकृतिगण* मानिएको हुँदा अन्य शब्ददेखि समेत *इतच्* प्रत्यय सम्भव भए पनि संस्कृत वाङ्मयमा *परम्परित* शब्दको प्रयोग नदेखिएकाले नेपालीमा यसलाई संस्कृतमूलको *इतच्* प्रत्ययान्त शब्दका रूपमा ग्रहण गर्न सकिँदैन। त्यसैले अनुपयुक्त *परम्परित* शब्दको सट्टा *परम्परागत* शब्द प्रयोग गर्न उपयुक्त देखिन्छ ।

### २०. पुनरावलोकन

*पुनर्* र *अवलोकन* दुई शब्दको योग भएर *पुनरवलोकन* शब्दको रचना हुन्छ। *पुनर्* अव्यय शब्द हलन्त हुन्छ भन्ने ख्याल नगरिएका कारण अनुपयुक्त *पुनरावलोकन* शब्दको अत्यधिक प्रयोग नेपालीमा हुन गएको हो । उपयुक्त *पुनरवलोकन* शब्दका साथ अनुपयुक्त *पुनरावलोकन* शब्दलाई नेपालीको मानक शब्दकोशमा प्रविष्ट गराउनु (पोखरेल, २०५५, पृ. ७८७) उपयुक्त देखिँदैन ।

## २१. पृथकीकरण

*पृथक्* र *करण* दुई शब्दको योग भएर *पृथक्करण* शब्द बन्दछ । संस्कृत व्याकरणमा *कृ, भू* र *अस्* धातुको योगमा *च्वि* प्रत्ययान्त प्रातिपदिकका अन्त्य अकारको मात्र *ईत्व* हुने (पा., अ. ७।४।३२) भएकाले *एकीकरण, समीकरण* आदि शब्दको सादृश्यका कारण नेपालीमा प्रयोग गर्ने गरिएको *पृथकीकरण* (शक्तिपृथकीकरणको सिद्धान्त...) शब्द अनुपयुक्त देखिन्छ ।

## २२. बाहुल्यता

*बहुल* शब्ददेखि भावार्थक *ष्यञ्* (य) प्रत्यय (पा., अ. ५।१।१२४) र तल् (ता) प्रत्यय (पा. अ. ५।१।११९) लागेर क्रमश: *बाहुल्य* र *बहुलता* शब्दहरू सिद्ध हुन्छन् । *बाहुल्य* शब्दमा भावार्थक *ष्यञ्* प्रत्यय लागेको छ भन्ने कुरालाई विचार नगरिएका कारण *बाहुल्य* शब्ददेखि असम्भव र निरर्थक रूपमा भावार्थक *तल्* प्रत्यय लगाएर अनुपयुक्त *बाहुल्यता* शब्दको प्रयोग नेपालीमा हुने गरेको पाइन्छ । भावार्थक प्रत्ययान्त शब्दमा पुन: भावार्थक प्रत्ययको योग हुन नसक्ने भएकाले *बहुल* आधार शब्दमा एउटा मात्र भावार्थक प्रत्यय लगाएर *बाहुल्य* वा *बहुलता* शब्दको प्रयोग गर्न उपयुक्त हुन्छ ।

## २३. मनोकामना

*मनस:* (मनको) *कामना* भन्ने विग्रहमा सकारान्त *मनस्* शब्द र *कामना* शब्दका बीचमा षष्ठी तत्पुरुष समास (पा., अ. २।२।८) भएपछि पूर्वान्त सकारको *रुत्व* (पा.अ. ८।२।६६) एवम् ककारनिमित्तक रकारको विसर्ग (पा.,अ. ८।३।१५) भएर *मन:कामना* शब्द बन्दछ । त्यसैले *मनोरथ, मनोविज्ञान* आदि शब्दका सादृश्यमा नेपालीमा प्रयुक्त *मनोकामना* शब्दलाई उपयुक्त ठहऱ्याउन सकिँदैन ।

## २४. महानता

*महत्* प्रातिपदिक शब्ददेखि भावार्थक *तल्* (ता) प्रत्यय (पा.,अ. ५।१।११९) लागेर *महत्ता* शब्दको निर्माण हुन्छ । *महान्* शब्दको मूल *महत्* शब्द हो र *महान्* शब्द पनि हलन्त हुन्छ भन्ने ख्याल नगरिएको हुँदा अनुपयुक्त *महानता* शब्दको प्रयोग नेपालीमा हुन गएको हो ।

## २५. महिला नेतृ

पुलिङ्ग *नेतृ* शब्ददेखि स्त्रीलिङ्गको विवक्षामा *ङीप्* (ई) प्रत्यय (पा.,अ. ४।१।५) भएपछि ईकारनिमित्तक पूर्वान्त ऋकारको रकारका रूपमा *यण्* (पा.,अ. ६।१।७७) भएर *नेत्री* शब्दको रचना हुन्छ। त्यसैले *महिला* शब्दका साथमा पुलिङ्गी *नेतृ* शब्दको प्रयोग गरिनु अनुपयुक्त देखिन्छ।

## २६. युवामञ्च

*यूनाम्* (युवाहरूको) *मञ्च* भन्ने विग्रहमा नकारान्त *युवन्* शब्द र *मञ्च* शब्दका बीचमा षष्ठी तत्पुरुष समास (पा., अ. २।२।८) भएपछि नकारान्त पूर्वपदका अन्त्य नकारको लोप (पा., अ. ८।२।७) भएर *युवमञ्च* शब्द सिद्ध हुन्छ। त्यसैले संस्कृत व्याकरणका दृष्टिले नेपालीमा प्रयुक्त *युवामञ्च* शब्दलाई उपयुक्त ठहऱ्याउन सकिँदैन।

## २७. युवावर्ग

*यूनाम्* (युवाहरूको) वर्ग भन्ने विग्रहमा शब्द २६ मा झैँ समास र नलोप भएर *युववर्ग* शब्दको निर्माण हुन्छ। त्यसैले *युवामञ्च* शब्द जस्तै *युवावर्ग* शब्द पनि संस्कृत व्याकरणका आधारमा अनुपयुक्त ठहरिन्छ।

## २८. राजनैतिक

*राजनीति* शब्ददेखि *हुने* भन्ने अर्थमा *ठक्* (इक) प्रत्यय भई आद्य आकारको *पर्जन्यवत् लक्षणका* आधारमा आकारमै *वृद्धि* र अन्त्य इकारको लोप भएर *राजनीतिक* शब्दको रचना हुन्छ। वृद्धिनिमित्तक तद्धित प्रत्यय पर भएमा *इहलोक, परलोक* आदि शब्दमा उभयपदवृद्धि भएर *ऐहलौकिक, पारलौकिक* आदि शब्दको सिद्धि भएको देखिए पनि *राजनीति* शब्दको उभयपदवृद्धिको विधान र उभयपदवृद्धियुक्त *राजनैतिक* शब्दको प्रयोग संस्कृत वाङ्मयमा भएको नदेखिएकाले नेपालीमा प्रयुक्त उभयपदवृद्धिमूलक *राजनैतिक* शब्द अनुपयुक्त देखिन्छ।

## २९. रूपायन

*रूपहरूको* *अयन* भन्ने विग्रहमा षष्ठी समास भएपछि पूर्वान्त र पराद्य दुवै अकारको आकारका रूपमा *सवर्णदीर्घ* (पा.,अ.

६।१।१०१) एवम् एकपदीभूत *रूपायन* शब्दमा ऊकार, पकार, आकार र अकारले व्यवधान गरे पनि रकारनिमित्तक नकारका स्थानमा *णत्व* (पा., अ. ८।४।२) भएर *रूपायण* शब्द बन्दछ। त्यसैले *व्युत्पादन* शब्दका सादृश्यमा नेपालीमा प्रयुक्त *रूपायन* शब्द संस्कृत व्याकरणका दृष्टिले उपयुक्त देखिँदैन।

**३०. लब्धप्रतिष्ठित**

*लब्ध* (पाएको) छ *प्रतिष्ठा* जसले भन्ने विग्रहमा बहुब्रीहि समास (पा., अ. २।२।२४) भएपछि *उसर्जन* संज्ञा (पा., अ. १।२।४४) भएको स्त्रीप्रत्ययान्त लब्धप्रतिष्ठा प्रातिपदिकका अन्त्य आकारको *ह्रस्व* (पा., अ. १।२।४८) भएर *लब्धप्रतिष्ठ* शब्दको निर्माण हुन्छ। *प्रतिष्ठा* शब्दको विशेषणका रूपमा आएको *लब्ध* शब्दमा भूतकालिक *क्त* (त) प्रत्यय भएको छ भन्ने कुरामा विचार नपुऱ्याइएको हुँदा *प्रतिष्ठा* शब्दलाई इडागमविशिष्ट *क्त* प्रत्ययान्त शब्दका रूपमा ग्रहण गरेर *लब्धप्रतिष्ठित* शब्दको प्रयोग (लब्धप्रतिष्ठित विद्वान्...) नेपालीमा हुन पुगेको हो।

**३१. वर्चस्व**

*वर्चस्* शब्ददेखि स्वार्थमा *कन्* (क) प्रत्यय (पा., अ. ५।३।९६) भएर *वर्चस्क* शब्दको रचना हुन्छ। त्यसैले वास्तविक प्रत्ययको ख्याल नगरिएका कारण नेपालीमा प्रयोग गर्ने गरिएको *वर्चस्व* शब्द (वर्चस्व कायम गर्न सफल...) अनुपयुक्त ठहरिन्छ।

**३२. विद्युतीकरण**

*विद्युत्* र *करण* दुई शब्दको योग भएर *विद्युत्करण* शब्द सिद्ध हुन्छ। शब्द २१ मा झैँ *विद्युत्करण* शब्दमा *ईत्व* (पा., अ. ७।४।३२) असम्भव भएकाले नेपाली भाषाको मानक शब्दकोशमा *विद्युतीकरण* शब्दको प्रविष्टि (पोखरेल, २०५५, पृ. ११५१) र त्यसको प्रयोग अनुपयुक्त देखिन्छ।

**३३. विद्वान्वर्ग**

*विदुषां* (विद्वान्हरूको) *वर्ग* भन्ने विग्रहमा षष्ठी तत्पुरुष समास (पा., अ. २।२।८) भएपछि *विद्वस्* पूर्वपदका अन्त्य सकारको

दकार (पा., अ. ८।२। ७२) भएर *विद्वद्वर्ग* शब्द बन्दछ। त्यसैले समस्त शब्दका रूपमा *विद्वान्वर्ग* शब्दको प्रयोगलाई उपयुक्त ठान्न सकिँदैन।

### ३४. शुभाशीर्वाद

*वाद* उत्तरपदनिमित्तक *आशिष्* पूर्वपदका अन्त्य सकारको *रुत्व* (पा., अ. ८।२।६६) र उपान्त्य इकारको *दीर्घ* (पा., अ. ८।७।७७) भएर *आशीर्वाद* शब्दको निर्माण हुन्छ। *शुभ* र *आशीर्वाद* दुई शब्दका बीचमा समास भएपछि पूर्वान्त अकार र पराद्य आकार दुवैको आकारका रूपमा *सवर्णदीर्घ* (पा., अ. ६।१।१०१) भएर *शुभाशीर्वाद* शब्दको रचना हुन्छ। *आशीर्वाद* शब्दको ईकार दीर्घ हुन्छ भन्ने ख्याल नगरिएका कारण अनुपयुक्त *शुभाशीर्वाद* शब्द नेपालीमा प्रयोग हुन गएको हो।

### ३५. शोभायमान

*शुभ्* धातुदेखि विहित *लट्* प्रत्ययका स्थानमा *शानच्* (आन) प्रत्यय (पा., अ. ३।२।१२४) भएपछि *शप्* (अ) प्रत्यय र त्यसलाई निमित्त मानेर *शुभ्* धातुका उकारको ओकारका रूपमा *गुण* एवम् *आन* प्रत्ययनिमित्तक अकारान्त *शोभ* धात्वङ्गको *मुक्* (म्) आगम भएर *शोभमान* शब्द सिद्ध हुन्छ भने णिजन्त *शुभ्* धातुदेखि *शोभयमान* शब्दको सिद्धि सम्भव हुन्छ। त्यसैले *शोभायमान* शब्द नेपाली भाषाको मानक शब्दकोशमा प्रविष्ट हुनु (पोखरेल, २०५५, पृ. ११९८) र त्यसको प्रयोग गरिनु उपयुक्त देखिँदैन।

### ३६. सङ्ग्रहित / सङ्ग्रहीत

*सम्* उपसर्गपूर्वक *ग्रह्* धातुदेखि *क्त* (त) प्रत्यय भएपछि *क्त* प्रत्ययको आद्यवयवका रूपमा *इट्* (इ) आगम (पा., अ. ७।२।३५), *क्त* प्रत्ययमा ककारको इत्संज्ञा भएकाले त्यसलाई निमित्त मानेर *ग्रह्* धातुका रकारको ऋकारका रूपमा *सम्प्रसारण* (पा., अ. ६।१।१६), ऋकार र अकारको ऋकारका रूपमा *पूर्वरूप* (पा., अ. ६।१।१०८), *सम्*का मकारको *अनुस्वर* र *परसवर्ण* एवम् लिट्भिन्न *क्त* प्रत्ययनिमित्तक *इट्* आगमका इकारको *दीर्घ* (पा., अ. ७।२।३७) भएर *सङ्गृहीत*

शब्द बन्दछ । *ग्रह्* धातुका रकारको ऋकारमा परिवर्तन हुन्छ भन्ने वास्तविकतातर्फ दृष्टि नदिइएका कारण अनुपयुक्त *सङ्ग्रहीत* शब्द र *इट्* आगमका इकारको दीर्घ हुन्छ भन्ने ख्याल नगरिएका कारण अनुपयुक्त *सङ्गृहित* शब्दको प्रयोग नेपालीमा देखिन पुगेको हो ।

### ३७. **सम्बन्धित**

*सम्* उपसर्गपूर्वक *बन्ध्* धातुदेखि *क्त* (त) प्रत्यय लागेपछि धात्वन्त धकारनिमित्तका *क्त* प्रत्ययका तकारको धकारमा (पा., अ. ८।२।४०) र प्रत्ययको परिवर्तित धकारलाई निमित्त मानेर धात्वन्त धकारको दकारका रूपमा *जश्त्व* (पा., अ. ८।४।५३) भएर *सम्बद्ध* शब्दको निर्माण हुन्छ । *बन्ध्* धातु *अनिट्* धातुका रूपमा पढिएको (मिश्र, २००३, पृ. ६०३) हुँदा *क्त* प्रत्ययमा इडागम अप्रवृत्त भएको हो। त्यसैले अनुपयुक्त *सम्बन्धित* शब्दको सट्टा उपयुक्त *सम्बद्ध* शब्दको प्रयोग गर्नुपर्ने देखिन्छ ।

### ३८. **सिर्जित**

*सृज्* धातुदेखि *क्त* (त) प्रत्यय लागेर तकारनिमित्तक धात्वन्त जकारको *षत्व* (पा., अ. ८।२।३६) र धात्वन्त षकारनिमित्तक *क्त* प्रत्ययका तकारको टकारका रूपमा *ष्टुत्व* (पा., अ. ८।४।४१) भएर *सृष्ट* शब्दको रचना हुन्छ। *सृज्* धातु *अनिट्* धातुका रूपमा पढिएको (मिश्र, २००३, पृ. ४४२) हुँदा *क्त* प्रत्ययको इडागम हुन नसकेको हो । त्यसैले अनुपयुक्त *सिर्जित* शब्दको सट्टा *सिर्जना गरिएको* भन्ने पदावलीको प्रयोग गर्न सकिन्छ ।

### ३९. **सुपरिवेक्षक**

*सु, परि* र *अव* तीन उपसर्गपूर्वक *ईक्ष्* धातुदेखि *ण्वुल्* (अक) प्रत्यय भएपछि *अव* उपसर्गको आद्य अकारलाई निमित्त मानेर *परि* उपसर्गका अन्त्य इकारको यकारका रूपमा *यण्* (पा., अ. ६।१।७७) र *अव* उपसर्गको अन्त्य अकार र *ईक्ष्* धातुको आद्य ईकार दुवैका स्थानमा एकारका रूपमा *गुण* (पा., अ. ६।१।८७) भएर *सुपर्यवेक्षक* शब्द सिद्ध हुन्छ। *अव* उपसर्गको विचार नगरिएका कारण अनुपयुक्त *सुपरिवेक्षक* शब्दको प्रयोग नेपालीमा हुन पुगेको हो ।

## ४०. सुपरिवेक्षण

शब्द ३९ मा झैँ *सु, परि* र *अव* तीन उपसर्गपूर्वक *ईक्ष्* धातुदेखि *ल्युट्* (अन) प्रत्यय भएपछि इकारको *यण्,* अकार र ईकारको *गुण* एवम् *ईक्ष्* धातुस्थ षकारनिमित्तक *अन* प्रत्ययका नकारको *णत्व* (पा., अ. ८।४।२) भएर *सुपर्यवेक्षण* शब्द बन्दछ। त्यसैले *सुपरिवेक्षण* शब्दको प्रयोग अनुपयुक्त देखिन्छ।

जुनसुकै भाषामा कुन चाहिँ उपयुक्त शब्द हो र कुन चाहिँ अनुपयुक्त शब्द हो भनेर संशयनिवारणका लागि जसले पनि सर्वप्रथम पल्टाउने भनेको शब्दकोश नै हो। नेपाली भाषाको मानक शब्दकोशका रूपमा बहुप्रसिद्ध *नेपाली बृहत् शब्दकोश* (२०४०) मा *अन्तर्क्रिया, अन्तर्राष्ट्रिय, चलायमान, पुनरावलोकन, विद्युतीकरण, शोभायमान*जस्ता अनुपयुक्त शब्दहरूलाई संस्कृतमूल मानेर प्रविष्ट गराइएका कारण नेपाली वाङ्मयमा यसप्रकारका शब्दहरू प्रयोग हुन पुगेका हुन् भने *उपरोक्त, उल्लेखित, ग्रसित, गरिमामय, धैर्यता, बाहुल्यता, त्रसित, दिग्भ्रमित, परम्परित, पृथकीकरण, महानता, युवामञ्च, युवावर्ग, राजनैतिक, रूपायन, लब्धप्रतिष्ठित, सिर्जित, सम्बन्धित, सुपरिवेक्षक, सुपरिवेक्षण*जस्ता शब्दहरू सादृश्यका कारणले र विचार नपुऱ्याइएका कारणले प्रयोगमा आएका हुन्। नेपाली भाषाको मानक शब्दकोश नै त्रुटिपूर्ण रहेकाले तथा वरिष्ठ लेखकका कृतिहरूमा र सर्वाधिक पाठकहरूले मन पराइएका दैनिक पत्रिकाहरूमा समेत संस्कृतमूलका यसप्रकारका अनुपयुक्त शब्दहरूको बारम्बार प्रयोग गरिनाले त्यसको अनुकरणात्मक प्रभाव अन्यत्र पनि स्वाभाविक रूपमा देखिँदै जाने भएको हुँदा यसतर्फ यथासमयमै सचेत हुँदै संस्कृत व्याकरणका नियमहरूको सामान्य जानकारी लिएर, संस्कृत शब्दकोशकै प्रयोग गरेर वा संस्कृतव्याकरणविद्सँग आवश्यक परामर्श लिएर नेपालीमा प्रयुक्त संस्कृतमूलका अनुपयुक्त शब्दहरूको प्रयोगलाई निराकरण गर्दै जान सकिन्छ। नेपाली भाषाका लिखित सामग्री र प्राज्ञिक जिज्ञासाबाट प्राप्त हुने यसप्रकारका अवशिष्ट शब्दहरूको चर्चालाई आगामी शृङ्खलाहरूमा समेत निरन्तरता दिइने छ।

## सन्दर्भ कृति–सूची


ईश्वरचन्द्र (व्याख्या. २००४ई.), **अष्टाध्यायी**, दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान ।

पन्थी, टीकाराम (संयो. २०५७), **नेपाली वर्णविन्यासविषयक अधिगोष्ठी २०५७**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा. २०४०), **नेपाली बृहत् शब्दकोश** (पाँचौँ संस्क. २०५५), काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

मिश्र, हरेकान्त (२००३ ई.), **बृहद्धातुकुसुमाकरः**, दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान ।

लुईंटेल, विष्णु (२०५३), **तत्सम शब्दको वर्णविन्यास**, काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, गिरिधर र शर्मा, परमेश्वरानन्द (सम्पा., १९५१ ई.) **वैयाकरणसिद्धान्तकौमुदी** (चतुर्थ भाग, दोस्रो संस्क.), दिल्ली : मोतीलाल बनारसीदास ।
(सम्पा. २००५ ई.), **वैयाकरणसिद्धान्तकौमुदी** (तृतीय भाग, आठौँ संस्क.), दिल्ली : मोतीलाल बनारसीदास ।

# लेखक कविहरूको सोह्रश्राद्ध !

– कृष्णमुरारी भण्डारी

*[यही असोजको २७ गते दैनिक 'अन्नपूर्ण पोष्ट'मा कृष्णमुरारी भण्डारीज्यूको एउटा लेख छापिएको थियो, यस वर्षको मदन पुरस्कार समारोहको विषयमा। त्यो स्तम्भ लेख पढेपछि सम्पादकले लेखकलाई एउटा इ-मेल पठायो । यसो भनेर– "प्रिय कृष्णमुरारीजी, आजको 'अन्नपूर्ण पोष्ट'मा तपाईंको 'लेखक कविहरूको सोह्रश्राद्ध' अत्यन्त श्रद्धाले लेखेजस्तो लाग्यो, राम्रो। धन्यवाद ! यो लेख तपाईं स्वीकृति दिनुहुन्छ र 'अन्नपूर्ण पोष्ट'को हक लाग्दैन भने, म मदन पुरस्कार गुठीको मुखपत्र त्रैमासिक 'नेपाली'मा पनि छाप्न चाहन्छु । हुन्छ ?" यसको जवाफ सकारात्मक आयो अनि सम्पादकले फेरि लेखेर भण्डारीजीसँग त्यो लेख इ-मेल गरेर पठाइदिन अनुरोध गऱ्यो । तुरुन्तै त्यो लेख कम्प्युटरमा आइपुग्यो। सहृदयी लेखकलाई धन्यवाद भन्दै कृतज्ञतासहित उक्त लेख यहाँ छापिएको छ । – सम्पादक]*

'हाम्रो सिर्जनामा नेपाल रोएको क्रन्दन-स्वर सुनिनुपर्दछ, नेपाल मुस्कुराएको रङ्ग छरिनुपर्दछ र नेपालको आँशु पुछेर त्यसलाई हाँसोमा परिवर्तित गर्ने शब्दको जादुगरी हुनुपर्दछ ।'

'मदन पुरस्कार नरबहादुर साउँद र जगदम्बा-श्री पुरस्कार डा. राजेन्द्र विमललाई प्रदान गरियो ।'

कवि श्यामलसँगै मदन पुरस्कार वितरण कार्यक्रमको देखिजान्ने साक्षी बन्ने अवसर मिल्यो । यसअघिका कार्यक्रममा नगएर हो कि गएको शनिबार आयोजित पुरस्कार हस्तान्तरण कार्यक्रम सोचेभन्दा धेरै सुसंस्कृत लाग्यो । न होहल्ला, न त बस्ने ठाउँको अभाव । छोटो तर प्रभावकारी कार्यक्रम । कार्यक्रमको जानकारी मात्र होइन कसले के बोल्छ, त्यो समेत सहभागीहरूले हल प्रवेश गर्नु अगावै पुस्तिकाकारमा पाइसकेका थिए ।

मित्रमिलन समारोहजस्तो लाग्यो कार्यक्रम– सहभागीहरू एकअर्कालाई हेरेर हाँसिरहेका ! चाउरी परेका, फुलेर सेताम्मे भएका र दाँत फुक्लिएर पाकुल्ले बनेकाहरूसमेत लौरोको सहारामा यताउति

गर्दै विभिन्न हाउभाउसहित मुखैले अभिवादन गरिरहेका ! कोही परम्परागत नमस्कार गरिरहेका त कोही हात ट्याप्प समात्दै आधुनिक 'गुड' गरिरहेका ! कोही राणा-ठकुरीशैलीमा दर्शन फर्माइरहेका ! तर, जदौ, पाउलागी र गनाउने जुत्ता खोलेर ढोग्ने क्रिया भने कहीँ कतै देखिएनन् ।

यस्तै माहौलमा एकै थलोमा थिए विभिन्न उमेर समूहका युवा, प्रौढ र ज्येष्ठ नागरिकहरू । महिलाहरू पनि आधासरो त नभनौँ, ३३ प्रतिशत त थिए होलान् ! तर भविष्यका कर्णधार भनिने बालबालिका भने देखिएनन्, किन होला ? आफैसँग प्रश्न गर्दै जवाफ पनि आफैँले खोजेँ– साहित्यिक-वौद्धिक जमघट, पुरस्कार हस्तान्तरण, प्रवचन बूढाबूढीको कित्ताको मात्र कार्यक्रम भनेर होला अथवा शनिबार केटाकेटीलाई बिदा हो !

मदन पुरस्कार वितरण कक्ष पनि सुनेका मदनजस्तै सुन्दर र सोखिन ! देशकै महँगोमध्ये एक रातो बङ्गला स्कूलको 'रंगस्थल' भएर हो कि ? उज्यालो, एसी चलेकोले मध्यान्हमा पनि शीतल, कुर्सी पनि आरामदायी र साउन्ड सिस्टम पनि कतै टिप्पणी गर्नै नपर्ने । असक्तहरू लिफ्ट चढेर कार्यक्रमस्थलतर्फ उक्लिने आरामदायी व्यवस्था । त्यसैले बुढ्यौलीले गालिसकेका पनि हँसिला र रसिला । फोक्सो चुस्त रहेका र दमले नपिरोलिएकाहरू फराकिलो भऱ्याङ चढेर गफिँदै कार्यक्रमस्थल पुग्न सक्ने ।

लवेदा सुरुवाल, कोट, टोपी लगाउनेदेखि सुट-टाई र कमिज पाइन्टमा डटिएका पुरुष र कुर्था-सुरुवाल तथा सारीमा सजिएका महिला सहभागीहरूको उपस्थितिबाटै लाग्दथ्यो कार्यक्रम भव्य हुनेवाला छ । सहभागीहरूमध्ये जातजाति र जनजातिहरूको मिश्रण पनि छानीछानी मिलाइएझैँ लाग्दथ्यो । खास गरेर साहित्यप्रेमीहरूको ठूलो सङ्ख्याको भद्र ओहोर-दोहोर वास्तवमै रोमाञ्चकारी थियो ।

त्यहाँ को थिएन ? अहिलेसम्म मदन पुरस्कार पाउने जीवित ब्यौला (पुरस्कार पाउनेलाई मदन पुरस्कार गुठीका अध्यक्ष कमलमणि दीक्षित यसै भनेर संवोधन गरिरहेका थिए) हरू प्राय: उपस्थित देखिन्थे । बेहुली शब्द कार्यक्रमभर एकपटक पनि कसैले उच्चारण

गरेन। गरून् पनि किन, विहे नै नगरेकी सुश्री पारिजातबाहेक अरू कुनै नेपाली महिलालाई यहाँ बेहुली बन्ने अवसर अझै जुरेको छैन। (न पारिजातले २०२२ सालमा मदन पुरस्कार पाउँदाताका कमलमणिले ब्यौला भन्ने शब्द नै प्रयोग गर्दैन थिए कि ?) जगदम्बा-श्री पाउने महिला पनि एक जना मात्रै छिन्– गायिका तारादेवी (२०५०)। कार्यक्रममा यो पुरस्कार पाउनेहरूको पनि बाक्लै उपस्थिति थियो।

तीबाहेक समाजमा गनिएका लेखक-कविको चञ्चलता सबैतिर निर्विघ्न थियो। किताब-पत्रपत्रिकामा धेरै पढिएका महानुभावहरूलाई प्रत्यक्ष देख्ने, साक्षात्कार गर्ने मात्र होइन उनीहरूसँग तस्वीर खिच्ने फोटो सेसन पनि बनेको थियो हरियो चौरको चियापान। झट्ट हेर्दा लाग्दथ्यो सोह्रश्राद्ध सकिए पनि धेरै लेखक-कविहरूलाई त्यस्तै भ्याइनभ्याई थियो– गएको असोज २३ गते शनिबार, श्रीदरबार क्षेत्र, पाटनढोका ललितपुरमा।

चर्चित स्तम्भकार सौरभ (दिनेश सत्याल) भन्छन्– "राशिले पुरस्कार ठूलो हुने होइन। मुख्य कुरा जे उद्देश्यले पुरस्कार राखिएको हो, त्यसको भावना र अक्षरको पालना रिट्ठो नबिराई हुनुपर्छ। यसो भयो भने त्यो पुरस्कार सफल हुन सक्छ र समाजले पनि त्यसबाट फाइदा पाउँछ।" उनले चार फ्राङ्क दिइने फ्रान्सको विश्वविख्यात 'गोँकुर' पुरस्कारको चर्चा गर्दै भने, "जब त्यो पुरस्कारको घोषणा हुन्छ पुस्तकका दसौँ लाखप्रति फटाफट बिक्री हुन्छन्। रोयल्टी मात्रले लेखक करोडपति बन्छ। गोँकुर पुरस्कार प्राप्त पुस्तक किन्न पाठकहरू पर्खिबस्ने परम्परा नै छ त्यहाँ।" चार फ्राङ्क (भनौँ न चार रुपियाँ)को पुरस्कार भएर के गर्नु ? त्यसैले कति लाख वा हजारको पुरस्कार कसले पायो भन्ने होइन। मुख्य कुरा कति स्वतन्त्र, निष्पक्ष र नातावाद-कृपावाद नगरी त्यो पुरस्कार दिइयो भन्ने हो।

यसअघि पुरस्कार पाउनै पर्ने पुस्तकले मदन पुरस्कार पाए कि तपसीलकाले उछिट्याए बहसको विषय हुन सक्छ। तर यसपालिको मदन पुरस्कार मात्र होइन जगदम्बा श्री पनि उचित पात्रलाई दिइएको छ। यसैले यतिखेर सर्वत्र मदन-जगदम्बा-श्री पुरस्कारको बहुचर्चा र प्रशंसैप्रशंसा मात्र भएको छ। मदन पुरस्कार गुठीका सदस्य-सचिव कुन्द दीक्षितले आफ्नो मन्तव्यमा स्वीकारे पनि, "तपाईंहरू दुवैले

यसपटक गुठीको कार्यक्षेत्र नै उजिल्याइदिनुभएको छ ।" गुठीका अध्यक्ष कमलमणिले स्वागत भाषणमा ५१ वर्षपछि कृषि विषयको पुस्तक पुरस्कृत भएको मात्र बताएनन् उनले शिक्षण पेसामा लागेको व्यक्तिले पहिलोपल्ट जगदम्बा-श्री पाएको पनि उल्लेख गरे । स्मरणीय छ, मदन पुरस्कार २०१३ सालदेखि र जगदम्बा-श्री २०४५ सालदेखि वितरण गर्न थालिएको हो । सुरुमा चार हजार रुपियाँ राशिको मदन पुरस्कार त्यसपछि १०, २५, ३०, ४०, ५० हजार र एक लाख हुँदै हाल दुई लाख रुपियाँको छ। जगदम्बा-श्री पनि दुई लाख रुपियाँकै छ र यो नेपाली भाषाको समुन्नतिमा उल्लेख्य योगदान गर्ने व्यक्तिलाई दिइन्छ ।

तर, यो आलेख प्रस्तुत पुरस्कारहरूको इतिवृत्ति खोतल्न होइन, देशभर निराशाका स्वर र विचारको दबदबा रहेको अवस्थामा देशको प्रतिष्ठित पुरस्कार पाउनेहरूले जस्ता विचार र सोच अभिव्यक्त गरे ती त्यहाँ उपस्थित मुट्ठीभर व्यक्तिहरूलाई मात्र होइन देशलाई नै आशावादी बनाउने थिए भन्ने जानकारी दिन लेखिएको हो। पुरस्कृत व्यक्तिहरूले मन्तव्य दिइरहँदा कार्यक्रममा उपस्थित विद्वान् लेखक-कविहरूले उद्वेलित बनेर  धेरै पटक ताली बजाइरहे। ध्यान दिनुपर्ने कुरा के भने, यी दुवै वक्ता काठमाडौँदेखि पूर्व जनकपुर र पश्चिम महाकाली अञ्चलमा बसेर काम गरिरहेका व्यक्ति हुन्, राजधानीमा होइन। राजधानी खाल्डोमा निराशा, दुःख, अविश्वास, घात-प्रतिघात, दलबदलु, भ्रष्टाचार, चाकरी-चाप्लुसी जस्ता विकृतिमा आहाल बसिरहेकाहरूलाई काठमाडौँबाहिरका यी कर्मवीर सरश्वतीपुत्रहरूले सुमार्ग दर्शन गराए। यही लयमा दुवै पुरस्कृत भएका थिए। पूर्व होस् वा पश्चिम नेपाल, जनतामा उत्पन्न सकारात्मक सोच, शान्ति, विकास र समृद्धि अभिव्यक्त गर्ने विशिष्ट प्रतिनिधिपात्रका रूपमा प्रस्तुत भए साउद र विमल !

२०२८ सालमा मदन पुरस्कार पाउने विहारीकृष्ण श्रेष्ठले समारोहमा विद्वत् प्रवचन दिए । २००७ सालपछि देशमा आएका परिवर्तनको साङ्गोपाङ्गो मूल्याङ्कन गर्दै श्रेष्ठले हाम्रो लोकतन्त्रको प्रक्रियालाई सामाजिक-आर्थिक वास्तविकताअनुसार परिमार्जन नगरेसम्म गरिब जनता उँभो लाग्न नसक्ने ठोकुवा गरे। उनले आफ्नो लामो

मन्तव्यमा भनिनै दिए, "प्रजातन्त्र र गणतन्त्र आइसक्दा पनि हाम्रो नेतृत्वले देश विकासको नयाँ मोडल दिन सकेको छैन। अहिले देशलाई धानिरहेको उपभोक्ता समूह केन्द्रित विकेन्द्रीकरण हालका नेताले होइन, राजा वीरेन्द्रले अगाडि बढाएका हुन् !"

जगदम्बा-श्रीबाट पुरस्कृत डा. विमल र मदन पुरस्कारबाट पुरस्कृत नरबहादुर साउँदले पुरस्कार प्राप्त गरेपछि जतिजति मन्तव्य अगाडि बढाउँदै गए सभाकक्षमा 'पीनड्रप साइलेन्स' मात्र भएन, परररर तालीको गडगडाहट पनि भैरह्यो ।

*(यसपछि डा. राजेन्द्र विमल तथा श्री नरबहादुर साउँदको उद्गार (मन्तव्य)हरू दिइएका थिए यस लेखमा । ती दुवै मन्तव्यहरू माथि पृष्ठ ११-१८ मा परिसकेकाले यहाँ दिनु आवश्यक नदेखी झिकिएका छन् । – सम्पादक)*

(पृष्ठ २ को बाँकी)

*क्वै छैन आश्रय गुरु विन हे मुरारि ! तिम्रै अनुग्रह म खोजिरहेछु खालि ।*
*खुलाइदेउ पथ मिल्दछ, त्यो कसोरी परेँ शरण् चरणमा दुइ हात जोरी ॥"*

यति दिइसकेपछि अब उक्त क्षणपत्रमा परेका अरू कविता पनि अभिलेखका रूपमा प्रस्तुत गरौँ–

**पुष्पान्जली**

कर पदहरू चाली नेत्र माथि उचाली
नयन जल खसाली नामको दीप बाली ।
हरि हरि मुखमा ली जीवको दुःख फाली
कविवर ! वनमाली होस् सदा कीर्तिशाली ॥ १

हरि हरि सब गाउन् नाथको धाम जाउन्
पर दुख निज पाउन् क्रान्तिमा शान्ति ल्याउन् ।
हृदय बिच शुभेच्छा लिन्छ जो आत्मशाली
कविपद पदविको धूलि पाऊँ म खाली ॥ २

वियोग आगो उरबीच बाली
आसक्त बन्दै भय लाज त्यागी ।
कराउँछन् गोप बधू पिछा ली
गोविन्द दामोदर माधवेति ॥ ३

ऊचो गरी शब्द रुँदै पुकारी
बोलाउँछन् गोपबधू मुरारि ।
क्वै छैन हाम्रो मिति भिन्न अर्को
गोविन्द दामोदर माधवेति ॥ ४

गोविन्द मेरो सुन प्रार्थना यो
कैल्यै नभूलौँ प्रिय नाम तिम्रो ।
मर्दा म साम्ने तिमीलाई देखौँ
गोविन्द दामोदर माधवेति ॥ ५

**मधुवन**

हरि हरि जप्दै जाउ आउ, हरि हरि जप्दै जाऊ ॥
मधुवन जाऊ गाऊँ धाऊँ, हरिहरि जप्दै गाऊ ॥ आऊ
थाङ्ना लाऊँ यमुना न्वाऊँ, टुकडा मागी खाऊँ
धेनु चराऊँ बेणु बजाऊँ, जीवन सफल गराऊँ ॥ आऊ

हात समाऊँ लाज पचाऊँ, प्रभुको पाउ समाऊँ
दु:खको क्रन्दन दुखी बनेर, श्री ध्रुवलाई सुनाऊँ ॥ आउ

## मथुरा नगरी

मथुरा नगरी मथुरा नगरी
यमुना बिच निर्मल विंब परी
जग उज्ज्वल कीर्ति ध्वजा फहरी ।
अवनी तलमा यश शुभ्र छरी
मथुरे ! तिमी छौ शिरपेच सरी ॥
यमुना तटमा छ विशाल पुरी
जसको बिच श्री वलदेव हरि ॥
मन नाच्तछ दर्शन मात्र गरी
कति सुन्दर मञ्जुल त्यो नगरी ॥
प्रिय गोकुल सामु छ स्वर्ग सरी
गिरिराज पछाडि सुमेरु सरी ।
अलका र विभावरी वीच यही
छ हिमालय सुन्दर श्वेत पुरी ॥

## गोविन्द नाम छोडी कसको शरण म जाऊँ

जान्दिन भावभक्ति खालि चरण म पाउँ ।
बोलेर नाम तिम्रो जीवन सदा बिताउँ ॥

तीनलोकका महेश्वर भन्छन् हजूर लाई ।
कुन भाव ली म आऊँ तन मन कता लगाई ?

जसले जगत् बनायो समुद्र छन् चरणमा ।
ली अंजली विषे जल प्रभुमा म के चढाऊँ ॥

छाती छ शुष्क मेरो मरुभूमि तुल्य रूखो ।
क्यै छैन स्नेह कृष्ण ! जीवन सबै उडीगो ॥

वर्षा गराई रसको भक्ति र प्रेम देउ ।
दु:खी छ आत्म मेरो अमृत पिलाई देऊ ॥

मान्छे भई म आएँ हरिनाम बोल्न नाथ ।
अनुकूल पारी देऊ वरदान पाउँ आज ॥

– क.दी.

## सम्पादकीय

### २०६६ का पुरस्कार

संवत् २०६६ सालका पुरस्कार जगदम्बा-श्री तथा मदन पुरस्कार गत भदौ महिनाको ६ गते घोषणा भएको थियो। त्यसको ३१ दिनपछि यही असोजको ६ गते त्यसको अर्पण समारोह सम्पन्न भयो।

यस वर्ष मदन पुरस्कार साहित्यिक पुस्तकलाई उछिनेर विज्ञानसम्बन्धी (कृषि विषयक) पुस्तक पुरस्कृत भएकोमा केही साहित्यकर्मीहरू अलि असन्तुष्ट भए पनि अरू क्षेत्रबाट यस वर्षको पुरस्कार छनौटले वाहवाह लुट्यो। यति धेरै बधाई र धन्यवाद बटुले गुठी र यसका पदाधिकारीहरूले त्यो अभूतपूर्व नै भयो। जगदम्बा-श्रीको पनि चयन उत्तम तथा उत्कृष्ट रह्यो भन्ने जन-प्रतिक्रिया आए। त्यसबाट गुठी परिवार अत्यन्त उत्साहित तथा अनुगृहीत भएको छ। सबैलाई धन्यवाद !

### यो अङ्क

वर्षको एकपटक 'नेपाली' पुरस्कारमय हुन्छ, पुरस्कार समारोह भएपछिको अङ्क। सो, यसपालि पनि यही असोज ६ गते समारोह सम्पन्न भएकाले त्यसपछि आएको यो पूर्णाङ्क २०४ त्यसैको विवरणले भरिएको छ। त्यसमा थप उक्त समारोहको 'भव्यता' को चर्चा गर्दै यस वर्षका

पुरस्कार पाउनेहरूको चयनको पनि मुरीमुरी प्रशंसा गरेर उपत्यकाको एउटा दैनिक अखबारको स्तम्भ लेखका रूपमा कृष्णमुरारी भण्डारीले लेखेको एउटा निबन्धसमेत हामीले उहाँको स्वीकृति लिएर यसमा समावेश गरेका छौँ । पुरस्कार समारोहको यतिको नखशिख वर्णन भएको लेख सामान्यत: पाइँदैन र त्यो छाप्न हामी यसरी लोभिएका हौँ । पछिका पुस्तालाई पनि मदन पुरस्कार कसरी वितरण गरिन्थ्यो भन्ने बुझ्न यस लेखले सघाउने छ भन्ने हाम्रो आशा हो । कृष्णमुरारीज्यूलाई हाम्रो धन्यवाद !

मदन पुरस्कारसँग नजोडिएको एउटा मात्र लेख यस अङ्कमा श्री मोतीप्रसाद ढकालको छ । त्यस लेखको शिरमै सम्पादकीय टिप्पणी गरिसकिएकाले यहाँ थप भन्नु परेन ।